का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक १४२
❑ १२ साउन २०७७, सोमबार
❑ 27 July 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: आइतबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १८६१३ जना | १३१२८ जना | ३४२४५७ | ५४४० | ४५ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ६२ लाख ८५ हजार | ९९ लाख ६१ हजार | ६ लाख ४९ हजार | ५६ लाख ७४ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# शक्ति आर्जनको अभ्यास

## आक्रमक प्रचण्ड: समस्या प्रधानमन्त्रीमा

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र शीर्ष नेताहरू शक्ति आर्जनको खेलमा देखिएका छन् । सहमति जुटाउन एक साताका लागि स्थायी कमिटी स्थगित गरेका नेताहरू आफू निकट संस्था मार्फत् राजनीतिक गतिविधिमा सक्रिय देखिएका छन् ।




*साउन १० गते काभ्रेमा मदन भण्डारी फाउण्डेसनले गरेको जिल्ला सभालाई सम्बोधन गर्दै नेकपाका स्थायी कमिटी सदस्य एवम् परराष्ट्र मन्त्री प्रदीकुमार ज्ञवाली ।*

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन ।

मदन भण्डारी फाउण्डेसन काभ्रेले शनिबार जिल्ला भेला गऱ्यो । उक्त भेलाका प्रमुख अतिथिए थिए- परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली । जबकी सरकारले राजनीतिक भेला र सम्मेलन गर्न रोक लगाएको छ । गएको चैत ११ गते देखि राजनीतिक सभासम्मेलन गर्न रोक लगाए पनि स्वयम् सरकारकै मन्त्री ज्ञवालीको उपस्थितिमा शक्ति प्रदर्शन झल्कनेगरी जिल्ला भेला भयो ।

काभ्रे प्रधानमन्त्री केपी शर्मा ओली निकट नेता गोकुल बाँस्कोटाको जिल्ला हो भने फाउण्डेस गुट निकट गैरसरकारी संस्था हो । प्रधानमन्त्री ओली निकट नेताहरु आवद्ध रहेको उक्त संस्थाले सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले स्थगित गरेको जनताको बहुदलीय जनवाद (जबज) बारे छलफल शुरु गरेको छ । त्यसमा पनि सीसीएमसीकै सदस्य रहेका सरकार मन्त्री ज्ञवालीकै उपस्थितिमा कार्यक्रम भयो ।

अर्थात्, प्रधानमन्त्री ओली निकट नेताहरुले आफ्नो शक्ति आर्जनको माध्यम फाउण्डेसनलाई बनाएको प्रष्ट हुन्छ । मन्त्री ज्ञवालीले पनि मदन भण्डारीको चर्चा भन्दा बढी पार्टीभित्र मौलाएको गुटबारे बोलेका थिए । यसको एक दिन अगाडि मात्रै पुष्पलाल मित्रता केन्द्रले ललितपुरमै भेला आयोजना गरेको थियो । उक्त भेलाका प्रमुख अतिथि थिए- पुष्पकमल दाहाल प्रचण्ड र विशेष अतिथि बरिष्ठ नेता माधवकुमार नेपाल । प्रचण्ड र नेपाल दुवै एक स्वरमा प्रधानमन्त्री ओली माथि खनिएका थिए ।

> आफू इतर समूहले पुष्पलाल स्मृति प्रतिष्ठान र पुष्पलाल मित्रता केन्द्र नामक गैरसरकारी संस्थामार्फत् गुट भेला राखेपछि प्रधानमन्त्री ओली निकट नेताहरू मदन भण्डारी फाउण्डेशनलाई सक्रिय बनाउन लागिपरेका छन् ।

नेता नेपाल निकट जगनाथ खतिवडाको अध्यक्षमा रहेको उक्त गैरसरकारी संस्थाले आफ्ना गुटका नेताहरुलाई मात्रै बोलाएका थिए । जसरी काभ्रेमा प्रधानमन्त्री ओली निकट नेताहरु मात्रै सहभागी भए र इतर समूहमाथि खनिए । अर्थात्, विवाद हल गर्न भनेर साउन १३ गतेसम्म स्थायी कमिटी बैठक स्थगित गरेको नेकपाभित्र समाधानको पहल भन्दा पनि शक्ति आर्जन तर्फ उन्मुख भएको प्रष्ट हुन्छ । यो बीचमा उपाध्यक्ष वामदेव गौतम र सचिवालय सदस्य रामबहादुर थापा बादलले पनि यूटर्न गरिसकेका छन् ।

गौतम र बादल प्रधानमन्त्री तिर तानिए पछि नेकपामा दुवै तर्फ शक्ति आर्जनको अभ्यास शुरु भएको देखिन्छ । यसले नेकपा विभाजनको खतरा झनै बढाएको छ । जबकी गएको असार १६ गते पछाडि नेकपा विभाजनकै डिलमा पुगेर अडिएको थियो । यो बीचमा ओलीले प्रधानमन्त्री एवम् बाँकी पृष्ठ २ मा

# रञ्जन कोइरालाको मुद्दा पुनरावलोकन हुने

पत्नी हत्याका दोषी ठहर गरिएका पूर्व डीआईजी रञ्जन कोइरालाको जन्मकैद सजाय घटाउने सर्वोच्च अदालतको फैसला पुनरावलोकन हुने भएको छ । महान्याधिवक्ताको कार्यालयले दायर गरेको रीटको सुनुवाइ गर्दै फैसला पुनरावलोकन गर्ने निर्णय भएको छ ।


**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन ।

पत्नी गीताको हत्यारा दोषी ठहर भएका सशस्त्र प्रहरीका पूर्व डीआईजी रञ्जन कोइरालाको जन्मकैद सजाय घटाउने फैसला पुनरावलोकन हुने भएको छ । महान्याधिवक्ताको कार्यालयले दायर गरेको रीटको सुनुवाइ गर्दै उक्त फैसला पुनरावलोकन हुने भएको छ । आइतबार न्यायाधीशहरु बमकुमार श्रेष्ठ, प्रकाशकुमार ढुंगाना र कुमार रेग्मीको इजलासले फैसला पुनरावलोकन हुने निर्णय लिएको हो ।



तीन न्यायाधीशको इजलासले पूर्व डीआईजी कोइरालाले हत्या गर्दा र शव लुकाउन गरेको क्रियाकलापले भवितब्य भन्ने नदेखिने ठहर गरेको छ । उक्त मुद्दामा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणा र तेजबहादुर केसीको इजलासले रञ्जन कोइरालाको सजाय घटाएको थियो । असार १५ गतेको उक्त इजलासको फैसलाअनुसार, रञ्जन कोइराला साउन ८ गते जेलमुक्त नै भइसकेका छन् ।

कोइरालालाई जन्मकैदको सजाय धेरै भएको भन्दै आठ वर्ष ६ महिना मात्रै जेलमा राख्ने फैसला गरेको सुनाएको थियो । त्यस पछि कोइराला जेलमुक्त भएकै दिन महान्यायाधिवक्ताको कार्यालयले पुनरावलोकनको माग गर्दै रीट दायर गरेको थियो । न्याय प्रशासन ऐन (दफा ११ को उपदफा २ (ख) मा को व्यवस्था अनुसार फैसला पुनरावलोकन हुने भएको हो । उक्त व्यवस्थाले सर्वोच्च अदालतबाट स्थापित नजीर वा बाँकी पृष्ठ २ मा




# विभागबाट म्यानपावरको नवीकरण प्रक्रिया शुरू

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन

वैदेशिक रोजगार विभागले मन्त्रिपरिषद्को बाधा अड्काउ फुकाउने आदेशअनुसार वार्षिक एक सय कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका म्यानपावर कम्पनीहरुको नवीकरण प्रक्रियालाई तीव्रता दिएको छ । विभागका महानिर्देशक कुमारप्रसाद दहालका अनुसार नवीकरणका लागि प्रक्रिया पुऱ्याइ आएका फाइलहरुमा निर्णय भई विभागको वेबसाइटमासमेत कामकाज गर्न पाउने गरी फुकुवा गरिदिने काम भइरहेको जानकारी दिँदै दैनिक डेढ दर्जनभन्दा बढी फाइलमा काम भइरहेको बताए ।

मन्त्रिपरिषद्ले असार २९ गते जारी गरेको बाधा अड्काउ फुकाउने आदेश असार २९ गतेकै मितिमा नेपाल राजपत्रमा प्रकाशित भए पनि साउन १ गते सार्वजनिक भएको थियो । विभागले नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग छलफल गरी अघिल्ला दुई आर्थिक वर्षमा एक सय जना कामदार पठाउन नपाएका व्यवसायीहरुले इजाजतपत्र नवीकरणका लागि असार २६ गते शुक्रबारबाट निवेदन लिन शुरु गरेको थियो ।

व्यवसायीहरुले सबै प्रक्रिया पूरा गरेर नवीकरणका लागि निवदेन दिएका कारण उनीहरुको ईजाजतपत्र नवीकरणमा समय नलाग्ने महानिर्देशक दहालले बताए । वैदेशिक रोजगार ऐन अनुसार असार मसान्तसम्म म्यानपावर नवीकरण नगरे नवीकरण दस्तुर दश हजारबाहेक प्रति महिना १० हजारका दरले जरिवाना तिरी बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विदेशमा कोरोनाबाट मृत्यु हुने नेपालीको संख्या १६१ पुग्यो

**काठमाडौं/मस-** लकडाउन खुकुलो गरी औद्योगिक तथा व्यापारिक गतिविधि बढाउन थालेपछि ठूलो संख्यामा नेपाली कामदार रहेका खाडी मुलुकहरुमा कोरोना भाइरसको संक्रमण बढेको छ । गैर आवासीय नेपाली संघ (एनआरएनए) ले गतसाता खाडीका यूएई, कतार, कुवेत र साउदी अरबमा रहेका नेपालीमा कोरोनाको संक्रमण बढेको जनाएको छ ।

गैरआवासीय नेपाली संघ स्वास्थ्य समितिका संयोजक डा. सञ्जीव सापकोटाका अनुसार शनिवार साँझसम्म विदेशमा मात्र १ सय ६१ जना नेपालीको कोरोना संक्रमणका कारण निधन भएको छ । गत साता बेलायतमा थप १ जना नेपालीको निधन भएको छ ।

विश्वका विभिन्न ३६ मुलुकमा रहेका ३१ हजार १ बाँकी पृष्ठ २ मा


# थप १ सय ३० जनामा कोरोना संक्रमण

**काठमाडौं/मस–** आइतबार देशभर १ सय ३० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार आइतबार थपिएसँगै कोरोना संक्रमितको संख्या १८ हजार ६ सय १३ पुगेको छ।

मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले हालसम्म पाँच हजार ४ सय ४० सक्रिय संक्रमित रहेका बताए।

उनका अनुसार कोशी अस्पताल विराटनगरमा गरिएको परीक्षणमा झापा, मोरङमा एक/एक र इलामका आठ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला विराटनगरमा गरिएको परीक्षणमा सुनसरीका दुई जना, उदयपुर र तेह्रथुमका एक/एक जना र मोरङका २३ जना संक्रमित थपिएका छन्। प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरमा गरिएको परीक्षणमा धनुषाका एक र महोत्तरीका दुई जनामा कोरोना संक्रमण भएको छ। यस्तै, नारायणी अस्पताल वीरगञ्जमा गरिएको परीक्षणमा पर्साका एक जनामा कोरोना संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।




राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौंमा गरिएको परीक्षणमा दाङ र नुवाकोटका एक/एक, काठमाडौंका दुई र सोलुखुम्बुका दुई जना कोरोना संक्रमित भएका छन्। यस्तै शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा गरिएको परीक्षणमा काठमाडौं र पर्साका तीन /तीन जना, किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौंडामा गरिएको परीक्षणमा नवलपरासी पूर्वका दुई, रौतहट र मकवानपुरका एक/एक जना, त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा गरिएको परीक्षणमा बाराका एक जना, स्टार अस्पताल सानेपामा गरिएको परीक्षणमा कास्कीका एक, काठमाडौंका तीन जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरामा पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा गोरखा र कास्कीका दुई/दुई जना, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला रुपन्देहीमा गरिएको परीक्षणमा रुपन्देही र अर्घाखाँचीका एक/एक जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

यस्तै भेरी अस्पताल नेपालगञ्जमा गरिएको परीक्षणमा बाँकेका दुई, बर्दियाका छ र जुम्लाका एकजनामा कोरोना पुष्टि भएको छ। यसैगरी लुम्बिनी प्रादेशिक अस्पतालमा गरिएको परीक्षणमा रोल्पाका तीन, सुर्खेत प्रादेशिक अस्पतालमा गरिएको परीक्षणमा दैलेखका एक जना र सुर्खेतका ती जना, दैलेख प्रयोगशालामा दैलेखका २४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

सेती प्रादेशिक अस्पतालमा गरिएको परीक्षणमा अछामका १४ जना, बाजुराका तीन जना र कञ्चनपुरका एकजनामा कोरोना संक्रमण पुष्टि भएको छ।

प्रदेश १ मा १ सय ८६, प्रदेश २ मा एक हजार ८ सय ७३, वाग्मती प्रदेशमा ४ सय ४४, गण्डकी प्रदेशमा २ सय ९४, प्रदेश ५ मा ३ सय ५८, कर्णाली प्रदेशमा ३ सय ६६ र सुदूरपश्चिम प्रदेशमा एक हजार ९ सय १८ जना संक्रमित रहेका छन्।

**चार प्रहरी कर्मचारीमा कोरोना संक्रमणको आशंका**

प्रहरी प्रधान कार्यालय नक्सालमा कार्यरत चार प्रहरी कर्मचारीमा कोरोना संक्रमणको आशंका गरिएको छ। नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा आइतबार गरिएको कोरोना परीक्षणमा चारजनामा ज्वरोको लक्षण देखिएपछि थप परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा पठाइएको प्रहरी केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक नीरजबहादुर शाहीले बताए।


प्रहरी प्रधान कार्यालयका अनुसार ती कर्मचारी प्रहरी प्रधान कार्यालय नक्सालको सवारी शाखामा कार्यरत छन्। चार प्रहरीमा कोरोनाको लक्षण देखिएपछि सो शाखामा कार्यरत अन्य प्रहरीको पनि कन्ट्याक ट्रेसिङबाट स्वाब संकलन कार्य शुरु गरेको बताइएको छ।

# ८८.३५ प्रतिशत बालबालिका विद्यालय जान नपाएर दुखित

**काठमाडौं/मस–** बन्दाबन्दीका बेला विद्यालय जान नपाएका बालबालिकाहरु स्कूल सकेसम्म चाँडो विद्यालय जाने चाहनामा रहेको एक सर्वेक्षणले देखाएको छ। वर्ल्ड भिजन र कन्सोटियम नेपालको संयुक्त प्रयासमा गरिएको एक सर्वेक्षणमा ८८.३५ प्रतिशत बालबालिका विद्यालन जान नपाएका कारण दुःखी देखिएका उल्लेख गरिएको छ।

सर्वेक्षणमा सहभागीमध्ये २९ प्रतिशत बालबालिकाले मात्र वैकल्पिक पठनपाठनमा सहभागी हुन पाएको देखिएको छ भने वैकल्पिक पठनपाठन गरिएका विद्यालयहरुमध्ये २० प्रतिशत मात्र प्रभावकारी भएको सर्वेक्षणले देखाएको छ। बन्दाबन्दीका बेला निजी विद्यालयका बालबालिकाहरुले मात्र वैकल्पिक कक्षा लिएको देखिएको छ।

कोभिड-१९ का कारण वैकल्पिक शिक्षाका विषयमा गरिएको सो सर्वेक्षणमा ५१ प्रतिशत विद्यालयसँग अनलाईन कक्षाका लागि न्यूनतम आधार भूत व्यवस्थ नै नभएको, ६८ प्रतिशत शिक्षकहरुमा अनलाईन कक्षा व्यवस्थित गर्न सक्ने क्षमता



नभएको, ८० प्रशिशत विद्यार्थीसँग अनलाईन कक्षका लागि आवश्यक सामग्री नभएको र ६० प्रतिशत परिवारले अनलाईन कक्षाका लागि आवश्यक सामग्रीको ब्यबस्था गर्न असमर्थ रहेको देखिएको छ।


बन्दाबन्दीको समयमा पनि बालबालिकाहरुमाथि विभिन्न खाले हिंसा भएको कन्सेटियम र वल्डभिजनले संकलन गरी सार्वजनिक गरेको सर्वेक्षणमा देखिएको छ। जसमध्ये फोनमार्फत हिंसा (१६ प्रतिशत), मानसिक तनाव वा दवाव (२२ प्रतिशत), यौनजन्य हिंसा वा दुर्व्यवहार (१६ प्रतिशत), इन्टरनेटमार्फत हुने हिंसा (१३ प्रतिशत), बलात्कारको प्रयास (९ प्रतिशत), बलात्कार (९ प्रतिशत) लगायतका हिंसाहरु रहेको वताएका छन्। अभिभावकहरुसँग गरिएको सर्वेक्षणमा ३६ प्रतिशतले आफ्ना बालबालिकालाई बन्दाबन्दी समयमा शारीरिक कार्यबोझ भएको स्वीकार गरेको समेत सर्वेक्षणमा उल्लेख छ।

बन्दावन्दीका समय मुलुकभरीका बालबालिकाको अवस्थाका बारेमा जानकारी लिने उदेश्यले सर्वेक्षण गरिएको र यो समयमा बाल संरक्षणका लागि स्थानीय तहका न्यायिक समिति, प्रहरी, बालअधिकार संस्था, बाल क्लवहरु विगतमा भन्दा बढी सक्रिय पाइएको कन्सोंटियमका अध्यक्ष किरण थापाले जानकारी दिए।

# नवलपरासीमा किसानहरुको १८ करोडको भुक्तानी बाँकी

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ११ साउन

नवलपरासीमा उखु किसानहरुको बाकी भुक्तानीको लागि सम्बद्ध सरोकारवालाहरुसँग जोडदार माग गरिएको छ। जिल्लामा प्रमुख नगदे बालीको रुपमा रहेको उखु बालीलाई प्रवर्द्वन गरि राज्यलाई चिनीमा आत्म निर्भर बनाउने उद्देश्य हुदाहुदै नेपालको चिनी उत्पादनमा उल्लेखनीय योगदान पुर्‍याउने उखु किसानहरुको पीडा सहन नसक्ने अवस्था रहेको छ।


उँखु उत्पादक कृषक समिति
CANE UNION
प्रेस विज्ञप्ति

वर्ष भरी लगानी गरेर उत्पादन गरेको उखुको रकम भुक्तानीको लागी ३ बर्षसम्म पर्खिदापनि सन्बन्धित सरोकारवालाहरुको ध्यान नजानु आफैमा दुखद पक्ष रहेको उखु उत्पादक कृषक समिति नवलपरासीले विज्ञप्तिमार्फत जनाएको छ। क्रसिङ्ग सिजन २०७४/०७५ को बाकी रकम क्रमशः लुम्बिनी चिनी उधोग सुनवलको १० करोड र ईन्दिरा सुगर एण्ड एग्रो इण्डष्ट्रिज गंगापुरको रु. ८ करोड गरी कुल १८ करोड तीन बर्ष पहिलेको भुक्तानी किसानहरुले विभिन्न चरणमा अन्दोलन र सम्झौता गर्दा पनि हालसम्म नपाइएको हुँदा मर्माहत किसानहरुसँग अन्दोलन बाहेक अन्य कुनै बिकल्प नरहेको विगतका भुक्तानी प्रक्रियाका लागि गरिएका संघर्षहरुबाट देखिन आएकोले जिल्लाका करिब दशौं हजार उखु किसानहरुलाई ठग्ने मनसायका साथ सम्पुर्ण उखु उत्पादक देखि चिनी उत्पादन लगायतका विषयमा ह्रास उत्पन्न गर्ने गराउने उधोगीहरुलाई ठगी मुद्दा अन्तर्गत कारवाही प्रक्रिया अगाडि बढाई पीडित किसानहरुको भुक्तानी सुनिश्चित गर्न सरोकारवालाहरुसंग जोडदार माग गरिएको उत्पादक समितिका अध्यक्ष उमेश चन्द्र यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख गरिएको छ।

साथै समयमा भुक्तानी नभए बाध्य भई संघर्षका कार्यक्रमहरु संचालन गर्नुपर्ने र सोबाट उत्पन्नहुने परिस्थितिको सम्पुर्ण जिम्मेवार नेपाल सरकार र सम्बन्धित मिल संचालकले नै लिनु पर्ने यादवले बताए।

# बैकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं/मस–** बैकिङ कसूर मुद्दाका फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ। ललितपुर महालक्ष्मी नगरपालिक-४ इमाडोलका ४७ वर्षीय राजेन्द्र कुमार महर्जनलाई प्रहरीले पक्राउ गरेको हो। केन्द्रीय अनुसन्धान व्यूरोको टोलीले कलंकीबाट उनलाई पक्राउ गरेको हो। उनलाई उच्च अदालत पाटनको ०७६ माघ २० गतेको फैसलाले १० दिन कैद र १५ लाख ७५ हजार रुपैयाँ जरिवाना सुनाइएको थियो।

महर्जनले नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको खाता नम्बर ०५२०५०५००६३९३० को खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानीजानी झुक्यानमा पारी ०७५ भदौ ५ गते चेक काटेर दिएकोमा अदालतले बैंकिङ कसूरजन्य अपराध गरेको ठहर गरी कैद र जरिवाना फैसला गरेको सीआइबीले जनाएको छ।

# पहिरोमा ज्यान गुमाएकाको परिवारलाई सहयोग



**दमौली/मस–** पहिरोमा परि ज्यान गुमाएका तनहुँको व्यास नगरपालिका-११ ओडारेका एक परिवारलाई आर्थिक सहयोग गरिएको छ।

तनहुँका संघीय सांसद कृष्णकुमार श्रेष्ठले एक लाख रुपैयाँ सहयोग गरेका हुन्।

गत असार २९ गतेको पहिरोबाट ज्यान गुमाएका पदम चेपाङका परिवारलाई सांसद श्रेष्ठले एक लाख रुपैयाँ सहयोग गरेका हुन्।

उक्त रकम सांसद श्रेष्ठले आइतबार मृतकका श्रीमती फूलमाया चेपाङलाई हस्तान्तरण गरेका छन्।

जनतालाई दुःख परेको बेला आफू सधैं जनताको साथमै रहेको बताउँदै सांसद श्रेष्ठले राहत रकमले पीडामा मलम लगाउन सहयोग पुग्ने बताए। नेपाल चेपाङ संघ तनहुँका अध्यक्षसमेत रहेका पदमको शव असार ३० गते भेटिएको थियो। यसैगरी सांसद श्रेष्ठले ओडारेका ३६ घर चेपाङ परिवारलाई ४० बोरा चामलसमेत उपलब्ध गराएका छन्। शनिबार मात्रै सांसद श्रेष्ठले भानु नगरपालिका-९ सिमलगैह्रामा पहिराले पुरिएर निधन भएका दुई जनाको परिवारलाई ५० हजार रुपैयाँ, व्यास नगरपालिका-९ माझफाँट र गजौडेका दुई छुट्टाछुट्टै परिवारलाई २५/२५ हजार रुपैयाँ प्रदान गरेका थिए। सांसदमा निर्वाचित भएपछि तलबभत्ता नलिने घोषणा गरेका श्रेष्ठले आफूले प्राप्त गर्ने तलबभत्ता विभिन्न सामाजिक संघसंस्थालाई हस्तान्तरण गर्दै आएका छन्।

# कार्यकक्षमै कुटिए वडाध्यक्ष

**कञ्चनपुर/मस-** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-८ का वडाध्यक्ष बहादुरसिंह महरा कार्यकक्षमै कुटिएका छन्।

नेपाली कांग्रेस सम्बद्ध तरुण दलका वडा सभापति नारद ठगुन्नाको नेतृत्वमा गएको समुहले वडाध्यक्ष महरामाथि कुटपिट गरेको हो।

वडाध्यक्षा महरामाथि कुटपिट गर्नुका साथै कार्यालयमा तोडफोडसमेत गरिएको छ। आक्रमणबाट अध्यक्ष महराको टाउको, घाँटी, पिठ्युलगायतमा चोट लागेको छ। महराले वडा कार्यालयमा सेवाग्राहीको काम गरिरहेका बेला ठगुन्नाको नेतृत्वमा आएको १०/१२ जनाको समुहले एकाएक आक्रमण गरेको बताए।

शनिवार राती सुरज चौधरी लगायतलाई ठगुन्ना लगायतका समुहले मदिरा सेवन गरी कुटपिट गर्न थालेपछि वडा अध्यक्षले सम्झार पठाएका थिए।



चौधरीले भने, 'सो समुहले राती गाँउमा हो हल्ला गर्ने र गाँउलेलाई आतंकित पार्ने कार्य गा रहेकाले उनीहरुलाई सम्झाउनका लागि वडाध्यक्षलाई डाँकेका थियौं, तत्काल वडा अध्यक्षले सम्झाएपछि त्यहाँबाट गए पनि राती वडाध्यक्षलाई ठिक पार्नुपर्छ भनेर हिँडका थिए।'

मदिरा पिएर होहल्ला गर्ने समुहले आतंक मच्चाउन थालेपछि प्रहरीलाई त्यसबारे खबर गरे पनि प्रहरी नआएको स्थानिय बासिन्दाले बताएका छन्। वडाध्यक्षमाथि वडा कार्यालयमै आक्रमण भएपछि मात्रै प्रहरी पुगेको स्थानिय बासिन्दाको भनाइ छ।

यसैबीच नगर कार्यपालिकाले एक विज्ञप्ति जारी गर्दै वडा कार्यालयमा केही उछृङखल व्यक्तिले अनाधिकृत रुपमा प्रवेश गरी वडा कार्यालयमा तोडफोड गर्नुका साथै वडाध्यक्ष माथि कुटपिट गर्ने कार्यप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

# पेस्तोल पड्किँदा हवल्दार घाइते

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, साउन ११

रुकुम पश्चिमको मुसीकोट नगरपालिका वडा नं. १ मठस्थित सशस्त्र प्रहरीको ४७ नम्बर गुल्ममा पेस्तोल पड्किँदा सशस्त्र प्रहरी बलका एक हवल्दार घाइते भएका छन्। जिल्लाको ४७ नम्बर गुल्ममा कार्यरत बाँकेका ३७ वर्षीय याम बहादुर खड्का घाइते भएको सशस्त्र प्रहरीले बलले जानकारी दिएको छ। हरेक हप्ता नियमित रूपमा हातहतियार सरसफाइ गर्दै आएको उक्त गुल्मले आइतबार पनि सरसफाइ गर्ने क्रममा पेस्तोल पड्किएर खड्का घाइते भएका हुन्। घाइते खड्काको



जिल्ला अस्पताल सल्लेमा सामान्य उपचारपछि थप उपचारका लागी नेपालगन्ज पठाइएको छ। पेस्तोल पड्किँदा उनको बायाँ खुट्टाको घुँडामा गोली लागेको र अन्य अवस्था भने सामान्य नै रहेको सशस्त्र प्रहरीले जनाएको छ। खड्का मठ गुल्ममा सशस्त्र प्रहरीका वरिष्ठ हवल्दारका रुपमा कार्यरत छन्।

# अनुशासन उल्लघंन गर्नेलाई कारवाही

**काठमाडौं/मस-**नेपाली कांग्रेसले पार्टी विधानको अनुशासन उल्लघंन गर्नेलाई कारवाही प्रक्रिया तीव्र बनाएको छ। कांग्रेसको केन्द्रीय अनुशासन समितिले गत तीन तहका निर्वाचनमा पार्टीको उम्मेदवारविरुद्ध स्वतन्त्र उम्मेदवारी दिने, असहयोग गर्ने र पार्टीको अनुशासन उल्लघंन गर्ने अधिकांशलाई कारवाही गरेको छ। समितिमा स्थानीय, प्रदेश एवं संघीय निर्वाचनको क्रममा पार्टीका विभिन्न तहका नेता तथा कार्यकर्तालाई आधिकारिक उम्मेदवारलाई असहयोग गरेको भनी नगर वडासमिति, साविकको गाविस वा गाउँपालिका कार्यसमिति, नगर कार्यसमिति तथा साविकको क्षेत्रीय कार्यसमितिबाट सिफारिस भई आएका र सम्बन्धित उम्मेदवारको समेत गरी एक हजार २५० उजूरी परेका थिए।

### शक्ति...

अध्यक्ष दुवैबाट राजीनामा दिनुपर्ने अडान कमजोर देखिएको थियो। तर, एकाएक आफू निकट गैरसरकारी संस्था मार्फत् सार्वजनिक आरोप प्रत्यारोप बढेर गएको छ। फाउण्डेसन र मित्रता केन्द्र दुवैको संरचना पार्टीकै समानान्तर रुपमा देशभर बनाइएको छ।

### रञ्जन...

कानूनी सिद्धान्तको प्रतिकुल फैसला वा अन्तिम आदेश भएको देखिएमा पुनरावलोकन गर्न सकिन्छ।

जिल्ला अदालत काठमाडौं र पुनरावेदन अदालतले कोइरालालाई सर्वश्वसहित जन्मकैदको सजाय सुनाएको छ। दुवै अदालतले कोइरालालाई जन्मकैद अर्थात् २० वर्ष जेल राख्ने फैसला सुनाएको छ। तर, सर्वोच्चले सजाय घटाए पछि उनी आठ वर्ष ६ महिनामै जेलमुक्त भएका छन्। उनी २०६८ माघ ८ गते पक्राउ परेका थिए।

पुनरावलोकन हुने भएपछि अब कोइरालाको मुद्दामाथि फेरि सर्वोच्चमा सुनुवाई हुनेछ। तर, उक्त सुनुवाईमा भने सर्वोच्चका न्यायाधीश ढुंगाना, श्रेष्ठ र रेग्मी बस्न पाउने छैनन्। यस्तै प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा, सुष्मालता माथेमा, तेजबहादुर केसी, पुरुषोत्तम भण्डारी, मनोजकुमार शर्मा, आनन्दमोहन भट्टराई र सपना प्रधान मल्लले पनि यो सुनुवाई हेर्न मिल्दैन। सजाय घटाउने फैसला विरुद्ध प्रधानन्यायाधीशको चर्को विरोध भइरहेको छ।

### विभागबाट...

असोज मसान्तसम्म नवीकरण गर्न पाइने व्यवस्था छ। अत्यन्त थोरै म्यानपावर कम्पनीहरुले मात्र असार मसान्तसम्म नवीकरणका लागि निवेदन नदिएको बताइएको छ। हाल ८ सय ५४ म्यानपावर कम्पनी विभागमा दर्ता रहेका छन्।

### विदेशमा....

सय ५० संक्रमित नेपालीमध्ये २९ हजार २ सय ४३ जना अर्थात ९३ प्रतिशत भन्दा बढी संक्रमणमुक्त भएका छन्। कोरोनाको संक्रमणको जोखिम समाप्त नभएको भन्दै संघको स्वास्थ्य समितिले सार्वजनिक स्थलमा जाँदा वा सवारी साधन प्रयोगका अनिवार्य रुपमा मास्कको प्रयोग गर्न समेत सुझाव दिएको छ। त्यसैगरी समितिले यात्राका क्रममा अपनाउनुपर्ने स्वास्थ्य मापदण्ड सम्बन्धमा विशेष मार्गदर्शन समेत तयार पारेको बताएको छ।


## ऋषिङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## कोटदरवार-७, ऋषिङ्ग, तनहुँ
## गण्डकी प्रदेश

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

(प्रकाशित मिति : २०७७/०४/११)

उपरोक्त सम्बन्धमा यस कार्यालय बाट मिति २०७७/०१/११ गते प्रकाशित सूचना अनुसार दर्ता हुनआएका बोलपत्रहरु मुल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मुल्यांङ्कित सारभुतरुपमा प्रभावग्राहीभई बोलपत्र मुल्याङ्कन समितीले गरेको निर्णय अनुसार स्वीकृतको लागी प्रकृया अगाडी बढाउनु पर्ने भएकोले ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागी यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कामको विवरण | प्याकेज नं | बोलपत्रदाताको नाम र ठेगाना | बोल कबोल रकम | ला.ई.भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Construction of Blacktop Road on Sringapath Road-A | 07/RRM/TANAHUN/NCB/WORKS/2076/77 | Hazel builders and suppliers, Shuklagandaki Tanahun, Nepal. | NRs. 5,995,790.01/- (without VAT) | 22.45 Percent Lower | |

# प्रदेश मन्त्रीद्वय पौडेल र चौधरीद्वारा बाढी डुवान क्षेत्रको स्थलगत अनुगमन

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, ११ साउन

प्रदेश नं ५ का मन्त्रीहरुले बाढी प्रभावित क्षेत्रहरुको निरीक्षण गरेका छन्। प्रदेश नं ५ सरकारका भौतिक विकास पूर्वाधार मन्त्री बैजनाथ चौधरी र भूमि व्यवस्था तथा सहकारी मन्त्री आरती पौडेलले नवलपरासी जिल्लाको पाल्हिनन्दन र सरावल गाउँपालिकाको बाढी डुवान क्षेत्रको स्थलगत निरीक्षण गरेका हुन्।

स्थलगत निरीक्षणका क्रममा स्थानीय किसानहरुसँग कुरा गर्दै मन्त्री पौडेलले बाढी डुबानको समस्या समाधानका लागि प्रदेश सरकारले दिर्घकालीन योजनाहरु बनाउँदै जाने बताइन्। उनले तत्काल राहतका लागि सो क्षेत्रका किसानहरुको विवरण संकलन गरेर गहुँ तथा मुसुरो उत्पादनका लागि कृषि अनुदानमार्फत राहत दिने बताइन्। उनले तत्काल सो क्षेत्रलाई कृषि सुपर जोनका रुपमा विकास गर्ने समेत प्रतिवद्धता व्यक्त गरिन्।

त्यसैगरी स्थलगत अनुगमनका क्रममा प्रदेश नं ५ सरकारका प्रवक्तासमेत रहेका मन्त्री बैजनाथ चौधरीले पाल्हिनन्दन र सरावल गाउँपालिकाको बाढी डुवान क्षेत्रको समस्या समाधानका लागि झरही खोलाको पानीलाई सुगौलीबाट अमानीगञ्जतर्फ लैजाने र धनेवाखोलाको सिल सफा गर्ने कार्यतर्फ प्रदेश सरकारले आफ्नो ध्यान केन्द्रित गरेको जानकारी दिए। मन्त्री चौधरीले यस क्षेत्रमा डुबान पस्न नदिनको लागि र दीर्घकालीन समस्या समाधनका लागि डीपियार तयार गरेको बताए। उनले डुबानको समस्या छिट्टै समाधान हुनेसमेत बताए।



पाल्हिनन्दन गाउँपालिका वडा नं १ को शंकरपुर लगायतका क्षेत्र र सरावल गाउँपालिका वडा न ५, ६ र ७ को खडौना, मधौलिया, नौडिहवा क्षेत्रका स्थानीय बासिन्दाहरु डुवानको समस्यामा परेका छन्। त्यसैगरी उनीहरुले लगाएको हजारौं विघा खेतीयोग्य जमिनसमेत डुवानमा परेको छ। डुवानका कारण स्थानीय किसानहरुले लगाएको हजारौं विघा धानखेतीमा क्षति भएको छ।

पाल्हिनन्दन गाउँपालिका र सरावल गाउँपालिको बाढी डुवान क्षेत्रको स्थलगत अनुगमन कार्यक्रममा प्रदेश नं ५ का भौतिक विकास पूर्वाधार मन्त्री चौधरी, भूमि व्यवस्था तथा सहकारी मन्त्री पौडेल, प्रदेश सभा सदस्य दिपेन्द्र कुमार अधिकारी, बैजनाथ जयसवाल, पाल्हिनन्दन गाउँपालिकाका अध्यक्ष दिपक कुमार गुप्ता, सरावल गाउँपालिका अध्यक्ष राधेश्याम चौधरी, सुनवल नगरपालिकाका नगर उपप्रमुख दधिराम अर्याल, प्रमुख जिल्ला अधिकारी सागरमणी पाठक, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक अजय केसी, सरोकारवाला निकायका जिम्मेवार पदाधिकारी, पत्रकारलगायतको सहभागिता रहेको थियो।

# महिला हिंसाका घटनाका दोषीलाई कारबाहीको माग

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको भातृ संगठन नेपाल महिला संघले देशमा भएका विभिन्न महिला हिंसाका घटनाका दोषीहरूलाई कडा कारबाहीको माग गरेको छ।

आइतबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै नेपाल महिला संघले श्रीमतीको हत्या गरेको प्रमाणित भएपछि सर्वस्वसहित जन्मकैद सजाय भोगिरहेका रञ्जन कोइरालालाई सजाय घटाईएको घटना, निर्मला पन्तको बलात्कारपछि हत्या भएको दुई वर्ष पुग्दापनि सरकारले दोषीलाई कारबाही गर्न नसकेको, हिट एण्ड रन मुद्दामा अभियुक्त पृथ्वी मल्ललाई पाँच लाख धरौटीमा रिहाई गरिएको र युवतीमाथि एसिड आक्रमणलगायतका घटनाको विरोध गर्दै दोषीहरूलाई कारबाहीको माग गरेको हो।

नेपाल महिला संघकी महासचिव तथा पूर्व सांसद धना खतिवडाले नेपालमा पछिल्लो समय महिला हिंसाका घट्नाहरु दिनप्रतिदिन बढिरहेको बताउँदै घट्नामा संलग्न दोषीहरूलाई कडाभन्दा कडा कारबाही गरिनुपर्ने माग गरिन्। उनले निर्मला पन्तको बलात्कारपछि हत्या भएको आज दुई वर्ष पूरा हुँदासमेत सरकारले दोषीलाई कारबाही गर्न नसकेको र पीडित परिवारलाई न्याय दिलाउन नसकेको गुनासो पोखिन्। बलात्कारपछि हत्याजस्तो जघन्य अपराधमा संलग्न दोषीहरूमाथि कडा कानूनी कारबाही नहुँदा अपराध गर्नेहरुको मनोवल बढेको उनको टिप्पणी छ।



वर्तमान सरकार अधिनायकवादतर्फ उन्मुख भएकोले यतिवेला आम जनता सचेत हुनुपर्ने अवस्था समेत आएको उनको जोड छ। खतिवडाले हालै ओखलढुंगा स्थायी घर भई काठमाडौंमा बस्ने २२ वर्षीया पवित्रा कार्कीमाथि भएको एसिड आक्रमण भएको घट्नाको पनि कडा निन्दा गरिन्।

उनले एसिड आक्रमण गर्ने अपराधीहरुलाई कडा कारबाही गरिनुपर्ने जोडदार माग गरिन्। त्यस्तै, आफ्नै श्रीमती गीता ढकालको हत्या गरेको आरोपमा सर्वस्वसहित जन्मकैद पाएका पूर्व डिआइजी रञ्जन कोइरालालाई सर्वोच्चले कैद मिनाह गरेको फैसलाप्रति उनले घोर आपत्ति जनाईन्। सर्वोच्चको पछिल्लो फैसलाले देशमा न्याय मरेको आभाष भएको पनि उनको तर्क थियो।

महिलामाथि हुने हिंसाका घट्नाहरू जति निन्दा गरेपनि कमै हुने उनको भनाई छ। अझैपनि नेपालमा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गरिने गरिएको उनको दुःखेसो छ। खतिवडाले रञ्जन कोइराला जेलबाट रिहा हुँदै गर्दा उनलाई लिन कारागारमै गाडी लिएर महिला जानु अर्को विडम्बना भएको टिप्पणी गरिन्। महिलामाथि हुने हिंसा, अपराधका घट्नामा सबै एकजुट हुनुपर्ने उनको धारणा छ।

जनता समाजवादी पार्टी, नेपालकी केन्द्रीय सदस्य पवित्रा तिमिल्सिनाले देशमा स्थानीय तहदेखि राष्ट्रपतिसम्म महिला हुँदापनि महिलामाथि हिंसाका घट्ना नरोकिएको दुःख व्यक्त गरिन्। उनले आफूहरु सबै मिलेर महिलामाथि हुने अन्यायको विरुद्धमा संघर्ष गर्नुपर्ने पनि बताईन्। एसिड आक्रमण, गीता ढकालको हत्यादेखि निर्मला पन्तको बलात्कारपछि हत्या प्रकरणका दोषीहरुलाई कानूनी कठघरामा उभ्याईनुपर्ने उनको माग छ।

नेपाल विद्यार्थी संघकी केन्द्रीय उपाध्यक्ष तुलसा पन्तले पछिल्लो समय न्यायलयप्रति जनविश्वास घटेको बताइन्। न्यायलयका तुलोको एकातर्फ न्याय र अर्कोतर्फ पैसा देखिएको भन्दै आफूहरुलाई यसले लज्जाबोध भएको उनको भनाई छ।

# अनसनरत युवाहरूको जीवन रक्षाको माग




**काठमाडौं/मस-** राष्ट्रिय मानवअधिकार आयोगले कोरोना महामारी नियन्त्रणका लागि पीसीआर परीक्षणको माग गर्दै अनसनरत युवाहरूको जीवन रक्षाको माग गरेको छ। आयोगका प्रवक्ता वेद भट्टराईले आइतबार एक विज्ञप्ति जारी गर्दै दुईजना युवाहरु पीसीआर परीक्षणको माग गर्दै र मन्त्रालयसँग भएको सहमती कार्यन्वयनको माग गर्दै आमरण अनसनमा रहेको अवस्थाप्रति ध्यानाकर्षण गराएका हुन्।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ बाट नेपाल समेत प्रभावितभएको अवस्थामायसको रोकथामकालागि नेपाल सरकारद्वारा पीसीआर परीक्षणलाई तीव्रता दिनुपर्ने तथा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अनसनरत युवाहरुबीच गएको २२ असारमा भएको सम्झौताको प्रभावकारी कार्यान्वयन हुनपर्ने लगायतकामागहरू राखी ९ दिनदेखि आमरण अनसनमा बसिरहेका छन्।

आयोगले आइतबार वसन्तपुर क्षेत्रस्थित अनसनस्थल पुगेर अनसनरत युवाहरूको माग तथा स्वास्थ्य अवस्थाको सम्बन्धमा पुनः अनुगमन गरेको जनाएको छ। आयोगले अनुगमनबाट अनसनरत समिरा श्रेष्ठ र अर्का व्यक्ति ९ दिनदेखि अनसनमा रहेको र अनसनका कारण समिरा श्रेष्ठको स्वास्थ्यमा सामान्य समस्या देखिन थालेको अनुगमनको क्रममा बुझिएको जनाएको छ।

यसअघि आयोगले गएको १७ असारमा पनि अनसनरत व्यक्तिहरूको सम्बन्धमा पाटनमा स्थलगत अनुगमन गरेको थियो। अनसनरत व्यक्तिहरुको स्वास्थ्य सम्बन्धी न्यायोचित मागहरू सम्बोधन गरी जीवनको अधिकार रक्षा गर्न र अनसनका कारण निजहरूको स्वास्थ्यमा पर्नसक्ने असरप्रति संवेदनशील भई सार्थक संवाद र यस अघिको सम्झौता कार्यान्वयन गरी समस्याको समाधान गर्न आयोगले नेपाल सरकारलाई आग्रह गरेको छ। साथै, आयोगले आफ्ना मागहरू राख्ने क्रममा आमरण अनसन जस्तो कठोर बाटो नरोज्न र समस्या समाधानको लागि संवादलाई जोड दिन पनि आयोगले अनसनरत पक्षलाई अनुरोध गरेको छ।

# मास्क प्रयोगमा कडाइ गर्न गृहको निर्देशन




काठमाडौं/मस- गृह मन्त्रालयले सामाजिक दूरी कायम गराउन, मास्क सेटिनाइजरको प्रयोगमा कडाइ गर्न निर्देशन दिएको छ।

प्रहरी प्रधान कार्यालयसहित देशभर जिल्ला प्रशासन कार्यालयलाई गृह मन्त्रालयले उक्त निर्देशन दिएको हो। गृहको परिपत्रमा सामाजिक दूरी कायम नभएको, मास्क सेनिटाइजर प्रयोग नगरीएको र स्वास्थ्य सतर्कतासमेत नपनाइएकाले कोरोनाको जोखिम बढ्नसक्नेतर्फ पनि सचेत गराइएको छ। मन्त्रालयले मास्क प्रयोग, सामाजिक दूरी कायममा अटेरी गर्नेलाई प्रचलित कानून बमोजिम कारबाही गर्नसमेत निर्देशन दिएको छ।

# गाईजात्रासँग सम्बन्धित पर्व स्थगन गर्न आग्रह




**ललितपुर/मस-** गोदावरी नगरपालिकाले यही साउन २० गते श्रावण प्रतिपदाका दिन मनाइने गाईजात्रासँग सम्बन्धित अन्य पर्व स्थगन गर्न आग्रह गरेको छ। कोरोना महामारीले संक्रमितको दिनानुदिन बढ्दै गइरहेको अवस्थालाई ध्यानमा राखेर नगरवासीको सुरक्षाका लागि नगरपालिकाले उक्त अनुरोध गरेको हो। गोदावरीभित्र गाईजात्रा पर्वमा मनाइने मत्या, रोपाइँ, लाखे, कृष्ण र जुग -भगवान) जात्रा सञ्चालन नगर्न आग्रह गरिएको नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले बताए।

'दिवंगत आत्माको शान्तिका लागि भीडभाडजन्य कार्य नगरी सरोकारवालालाई मात्र गाईजात्रामा समावेश हुन अपिल गर्दछौं' उनले भने। यस वर्ष सामाजिक दूरी कायम गरी सांस्कृतिक परम्परालाई मात्र सञ्चालन गर्न प्रमुख महर्जनले नगरवासीसमक्ष अपिल समेत गरे।

# आजदेखि मनसुन पुनःसक्रिय

**काठमाडौं/मस–** आजदेखि मनसुन पुनः सक्रिय हुने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार आज रातिबाट मनसुन न्यूनचापीय रेखा नेपालको तराई भूभाग नजिक रहने भएकाले फेरि मनसुन सक्रिय हुनेछ।

मौसमविद् मञ्जु बासीका अनुसार अरब सागरबाट समेत पर्याप्त जलवाष्पयुक्त हावा नेपाल भित्रिने देखिएकाले पुनः वर्षाको सम्भावना रहेको छ। आगामी सोमबार रातिबाट नेपालमा मनसुन सक्रिय भई देशको अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षाका साथै केही स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ।

ती स्थानमा नदीमा पानीको बहाव बढ्ने र पहाडमा भूक्षय हुने, पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुबानसमेत हुनसक्ने भएकाले महाशाखाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ। राति देशभर सामान्य बदली रही केही स्थानमा हलकादेखि मध्यम वर्षाका साथै प्रदेश १ र गण्डकी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ।

# पार्टी फुट्न दिनुहुँदैन: नेता पौडेल




**काठमाडौं/मस-** सत्तारुढ दल नेकपाका स्थायी समिति सदस्य देबेन्द्र पौडेलले नेकपा पार्टी कुनै हालतमा नफुट्ने दावी गरेका छन्।

संवाद क्लव नेपालले आयोजना गरेको कार्यकममा बोल्दै पौडेलले आजको आवश्यकता नेकपालाई जनताले दिएको विश्वास गुमाउन दिँदैनौ भन्दै  आफ्नो ठाउँबाट पार्टीलाई अझ बलियो बनाउन लागि परेको बताए।

दलका धेरै नेता कार्यकर्ता यो पार्टी एक ढिक्का बनाउन लागेको बताउँदै दुई अध्यक्ष केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड पनि पार्टीलाई मजबुद बनाउन छलफलमा निरन्तर लागि परेको बताए।

'हाम्रो पुस्ताले यो  पार्टी फुटन दिनुहुँदैन।  यदि पार्टी फुट्यो भने जनताले दिएको विश्वास गुम्ने छ' उनले भने,' हामीले दुवै पार्टी अध्यक्षलाई भेटेर भनेका छौं। पार्टी विभाजन भनेको जनताको भावना, अपेक्षा विपरितको कुरा हो।  यसो गरिनु हुँदैन।'

यो पार्टी बचाउन सक्नु हुन्न भने हामी तपाईलाई साथ दिने छैनौं भन्ने कुरा पनि राखेको पौडेलले स्मरण गराए।

'अध्यक्षलाई  राजीनामा दिने कुरा पार्टीमा उठेको छैन, कार्यविभाजनको कुरा मात्र उठेको हो' उनले भने, 'विवादको चुरो कुरो भनेको  कार्य विभाजनको कुरा हो। अरु केही होइन कार्य विभाजनमा प्रधानमन्त्रीले निकास दिनु पर्छ।' नेता पौडेलले सरकारले जनताको अपेक्षा बमोजिम  काम गर्न नसकेको कुरा भने स्वीकारे।

पुष्पकमल दाहालले पार्टी एकता बलियो बनाउन पार्टी भित्र खेलेको भूमिका उच्च प्रशंसनिय रहेको बताए।

नेपाली कांग्रेसका नेता रामहरी खतिवडाले सरकार गठन भएको लामो समय वितिसक्दा समेत जनअपेक्षाका कुनै राम्रो काम गर्न नसकेको आरोप लगाए।

नेकपा पार्टी भित्रको आनतरिक विवादमा अल्झिएको बताउदै संकट तर्फ उन्मूख भएको आरोप लगाए। राम्रोसँग आफ्नो पार्टी चलाउन नसक्ने नेकपाले सरकार कसरी चलाउन सक्छ भन्दै प्रश्न गरे। नेपाली कांग्रेस सरकार नढलाउन न बचाउन लागेको भन्दै नेकपा भित्रको विवादले नै सरकार संकटमा परेको नेता खतिवडाले बताए। कार्यकममा क्लवका संरक्षक श्रीधर खनालको पनि सहभागीता रहेको थियो।

# कोरोना जोखिमबाट बच्न 'फेस शिल्ड'को प्रयोग

**झापा/मस-** पूर्वीनाका काँकडभिट्टामा कार्यरत प्रहरीले कोरोना भाइरस जोखिमबाट बच्न 'फेस शिल्ड'को प्रयोग गर्न थालेका छन्। यसअघि मास्क, ग्लोब र स्यानिटाइजर मात्र लगाएर सीमाको ड्युटीमा खटिने नेपाल प्रहरीले अबदेखि अनिवार्य 'फेस शिल्ड'को प्रयोग गर्नुपर्ने नियम लगाइएको हो। पूर्वीनाका काँकडभिट्टा भारतबाट नेपालीहरु आउने मुलुकको प्रमुख स्थलनाका हो।



इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रहरी नायब उपरीक्षक राजेन्द्र पोखरेलका अनुसार यसै साता नाकामा कार्यरत २० सशस्त्र प्रहरीमा कोभिड-१९ संक्रमण भएपछि प्रहरीले सतर्कता अपनाएको हो। इलाका प्रहरी कार्यालय काँकडभिट्टा मातहत सीमाक्षेत्रमा १४० प्रहरी परिचालित छन्। जसमध्ये सीमा, होल्डिङ सेन्टर, मोबाइल गस्ती र क्वारेन्टिनमा खटिएका प्रहरीलाई एन-९५ मास्क, स्यानिटाइजर, ग्लोब र 'फेस शिल्ड' अनिवार्य गरिएको उनले बताए।

कोरोना संक्रमणबाट जोगिन प्रयोग हुने 'फेस शिल्ड', एन-९५ मास्क, ग्लोब र स्यानिटाइजर नेपाल प्रहरीले आफ्नै खर्चमा खरिद गरेको हो। १० थान गुणस्तरीय पीपीइ सेट र ११० थान रेनकोटजस्तै सामान्य पीपीइ सेटसमेत इलाका प्रहरी कार्यालयमा तयारी अवस्थामा राखिएको छ। हाल कार्यालयसँग ५० थान मात्र 'फेस शिल्ड' भएको हुँदा सबै प्रहरीले प्रयोग गर्न पाएका छैनन्। जोखिम क्षेत्रमा खटिनेले मात्र 'फेस शिल्ड' लगाएका छन्। इलाका प्रहरी कार्यालय काँकडभिट्टाका ४५ प्रहरीको यसै साता स्वाब परीक्षण गरिएको थियो। सबैको रिपोर्ट नेगेटिभ आएको थियो।

# नगदसहित १५ जुवाडे पक्राउ



**काठमाडौं/मस–** काठमाडौंका छुट्टाछुट्टै स्थानबाट प्रहरीले नगदसहित १५ जुवाडेलाई पक्राउ गरेको छ। गोकर्णेश्वर नगरपालिका ६, नयाँबस्ती बस्ने ३५ वर्षीय शारदा श्रेष्ठको घरमा जुवातास खेलिरहेका ८ जनालाई १ लाख १९ हजार ४ सय रुपैयाँ प्रहरीले पक्राउ गरेको छ। महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

यस्तै काठमाडौं महानगरपालिका १४, सुनारगाँउस्थित राजकुमार कार्कीको घरमा रकम हार-जित हुने गरी लुडो खेलिरहेको अवस्थामा लुडो खेल्ने र खेलाउनेसहित सातजना पक्राउ परेका छन्। महानगरीय प्रहरी वृत्त कालीमाटीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो। उनीहरुको साथबाट नगद ८७ हजार ५० रुपैयाँ समेत बरामद भएको छ।

**तुरुन्त म्यानपावर बिक्रीमा**

- २०७९ असार मसान्त सम्म नविकरण भएको।
- ३० भन्दा बढी 5 Star Hotel हरु Active Demand भएको।
- **Saudi I.D.** भएको।
- अहिले सम्म कुनै अजुरी नभएको।
- Future मा पनि Hotel हरुको Demand ल्याएर मिलेर काम गर्न सकिने।
- तुरुन्त विदेश जानुपर्ने भएकोले गर्दा बैंक ग्यारेन्टी र डिपोजिट सहित ८० लाखमा दिन सकिने

**कृपया इच्छुक व्यक्तिले ९८४११८१८७० मा सम्पर्क गर्नुहोला।**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०६/१९ मा दर्ता भएको **प्रा.लि. नं. १४०८९०** को **मनाङ पेट्रेल पंम्प प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०४/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सम्पादकीय

# खेलकुदमा गरिएको अपेक्षा

नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा नयाँ नेतृत्व चयनको रस्साकस्सी चलिरहेको छ । पुरानो ऐन खारेज भइ नयाँ खेलकुद विकास ऐन-२०७७ कार्यान्वयनमा आएपछि तत्कालीन सदस्य सचिव सहित सबै पदाधिकारी पद मुक्त भएका थिए । फलस्वरूप अहिले मन्त्रालयका सहसचिव भक्तबहादुर ढकाललाई कार्यबाहक सदस्य सचिवको जिम्मेवारी दिइएको छ । यस बीचमा युवा तथा खेलकुद मन्त्रालयले सचिव रामप्रसाद थपलियाको संयोजकत्वमा सदस्य सचिव छनोट समिति नै बनायो । उक्त समितिको आह्वानमा सदस्य सचिवका लागि निवेदन दिएका २७ मध्ये बाट तीन जनाको नाम युवा तथा खेलकुद मन्त्रालयलाई हस्तान्तरण गरिसकेको छ । उक्त प्रस्ताव मन्त्रिपरिषदमा पेश भइसकेको छ । अब मन्त्रिपरिषद्ले खेलकुद मन्त्रालयले लगेको प्रस्ताव अनुसार, एक जनालाई सदस्य सचिव नियुक्त गर्नेछ ।

विगतमा राजनीतिक नियुक्ति भयो, खेलकुदमा राजनीतिकरण भयो भनेर नयाँ ऐनमा सदस्य सचिव खुला प्रतिस्पर्धाबाट गर्ने प्रावधान राखिएको हो । जसको पहिलो अभ्यास हुँदैछ । तर, यो त्यति पारदर्शी भने देखिएन । अहिले पनि बिगतकै परम्परालाई खुला प्रतिस्पर्धा भन्ने लेप लगाइएको भान भएको छ । सदस्य सचिवका लागि आवेदन दिनेहरूमा खेलकुद विज्ञानमै पीएचडीसम्म गरेका उम्मेदवार हुँदाहुँदै पनि पुरानै राजनीतिक परम्परा अनुसार निवर्तमान सदस्य सचिव रमेशकुमार सिलवाल, नेकपाका केन्द्रीय सदस्य रहेका लिलबहादुर थापा र महिला कोटा अनिवार्य गरिएकाले अञ्जु श्रेष्ठको नाम सिफारिस गरिएको छ ।

यी तीन मध्ये एक जना सदस्य सचिव बन्ने छन् । सबैभन्दा बढी अवसर निवर्तमान सदस्य सचिव सिलवालकै छ । उनलाई मन्त्रिपरिषद्ले नियुक्त गरे कुनै आश्चर्य भने मान्नुपर्ने अवस्था छैन । किनभने उनले पदमुक्त हुनुभन्दा अघिको एक बर्षको कार्यकालमा राम्रा काम गरेको दावी गरेपनि खास योग्यता भनेको उनी मदन भण्डारी स्पोर्टस एकेडेमीमा हुनु हो भनी निष्कर्ष निकाल्नेहरूको पंक्ति पनि मनग्यै छ । अर्थात् सिलवाललाई प्रधानमन्त्रीसँगको निकटता समेत जोडेर हेर्ने गरिन्छ ।

अहिले खेलकुदमा सदस्य सचिव को बन्ला भन्ने भन्दा पनि अबको दिनमा खेलकुद क्षेत्रमा राजनीतिक हस्तक्षेप कुन तहसम्म हुन्छ भन्ने मुख्य कुरा हो । तसर्थ खेलाडी र खेलकर्मीको शीर माथि उठाउनेगरी काम गर्न सक्ने नेतृत्व अबको आवश्यकता हो । त्यसका लागि राजनीतिक आवद्धतालाई आधार मानेर 'राम्रो भन्दा हाम्रो मान्छे' छनोट गर्ने परिपार्टी अन्त्य गर्न सकियो भने नेपाली खेलकुदले पक्कै पनि थप उचाई हासिल गर्ने थियो । होइन भने अहिले दक्षिण एसियाली खेलकुद (साग) मा ल्याएको सर्वाधिक ५१ स्वर्ण सुनाएर बर्षौंसम्म बस्नुपर्ने अवस्था आउने खतरा रहन सक्छ ।

## सामाजिक सञ्जाल



'रूपको घमन्ड गरी' भनेर पवित्रा कार्कीमाथि एसिड छ्याप्ने अपराधीलाई कडा भन्दा कडा सजाय होस् भनेर कहाँ जाने ? न्यायालय ? न्यायालयका प्रधानन्यायाधीशलाई त रञ्जन कोइरालाले लगिसके । यसैले न्यायमूर्तिको खोज जारी छ !

**- सिवानीसिंह थारू**



हाम्रा गणे पार्टीहरूले आफूलाई समावेशी भनेर जतिसुकै फुर्ति लाए पनि के गर्नु ? पूर्वपञ्चहरूको पार्टीमा जनजातिहरूको यस्तो खत्रा उपस्थिति छ कि, अहिले पनि सुनिल थापासँग पार्टी छोड्नेमा कति जना जनजाति रहेछ भनेर गनौँ न । तामाङ नै दुईजना रहेछन् ।

**- रञ्जित तामाङ**



मध्य वर्षामा चेपांग बस्ती उठीबासमात्र होइन, एक युवकको ज्यान समेत जाने गरी जवर्जस्ती किन गरियो ? हेर, हामी सर्वहारा रक्षकहरूकै जोडबलमा संविधानमा 'बास'को नयाँ मौलिक हक थपिएको हो भन्ने थाहा दिएको त होइन ?

**- दमननाथ ढुंगाना**



सक्षम नेतृत्व ! कांग्रेस सभापति देउवाले आफ्ना मित्र बरिष्ठ नेता रामचन्द्र पौडेल र धर्मपत्नी आरजुका बिरूध्द चुनावमा अन्तर्घात गरेको आरोपमा पुराना नेता गोबिन्द जोशी र कैलाली कांग्रेसका बौध्दिक ब्यक्तित्व पुष्कर ओझालाई पार्टीबाट निकालेको समाचारले छक्क नपरेकै राम्रो !

**- किशोर नेपाल**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# विद्यालयीय शिक्षा : सम्भावना र चुनौती



■ कोपिला पौडेल

> विद्यार्थीका शारीरिक, मानसिक तथा संवेगात्मक पक्षको बारेमा राम्रोसँग बुझेको व्यक्तिनै शिक्षक हुने भएकाले उसबाट गरिएका निर्णयहरू सही हुने र विद्यार्थीले आफूलाई पढाउने शिक्षकलाई नै विश्वास गर्न सक्नु पर्दछ ।

कोरोना भाइरसको प्रकोपका कारणले बिश्व नै थला परेसँगै देशको अर्थतन्त्र नै डामाडोल हुँदै गएको छ । अझ शिक्षा क्षेत्रमा त ग्रहण नै लागिसकेको हामी सबैले अनुभव गरिरहेका छौं । समृद्ध नेपाल हामी सबैको चाहना हो । तसर्थ शिक्षा क्षेत्रमा सुधार नै समृद्धिको आधार भन्ने मूल मन्त्रलाई पनि हामीले स्वीकार गर्नुपर्ने कुरामा कसैको दुईमत रहँदैन । हामीलाई थाहा नै छ कि शिक्षा ग्रहण गर्ने कुरा मानिसका शारिरीक, मानसिक तथा वौदिक सक्षमतासँग जोडिएर आउने व्यवहारिक परिवर्तनहरु नै हुन् । यद्दपी गुणस्तरीय शिक्षाका अभावमा लाखौको जनसंख्या केवल प्रमाणपत्रमा मात्र सीमित रहनुले पनि शैक्षिक जगतमा थप चुनौती देखिएको छ ।

गुणस्तरीय शिक्षाका माध्यमबाट हाम्रा शैक्षिक जनशक्तिले देशको आर्थिक उपार्जन, व्यक्तिगत उन्नयन र प्राविधिक तथा सीप विकासका क्षेत्रमा सकारात्मक प्रभाव पार्न सक्ने हुनु पर्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गरेको एक अध्यनले के देखाउँछ भने अझै पनि राष्ट्रको न्यून उत्पादन, न्यून आर्थिक वृद्धि र मानिसहरु गरिबीको रेखामुनी रहनुले पनि गुणस्तरीय शिक्षा अपरिहार्य भएको कुरालाई इंगित गर्दछ । जसका लागि नेपाल सरकार यस विषयमा गम्भिर भएर शिक्षा क्षेत्रमा लगानी बढाउनु पर्ने देखिन्छ । जबसम्म विद्यालय शिक्षाको विकासमा नेपाल सरकारले गम्भिरता देखाउन सक्दैन तबसम्म सरकारी विद्यालयहरुले फड्को मार्न नसक्ने कुरा जाहेज नै छ । तसर्थ विद्यार्थीका क्षमता तथा सीप विकास गर्ने खालका प्राविधिक तथा व्यावसायिक शिक्षा तथा त्यसैअनुसारका जनशक्ति उत्पादनका लागि शिक्षकलाई तालिम दिने कार्यलाई पहिलो प्राथमिकतामा राज्यले राख्न सक्यौ भने मात्र राष्ट्रको आर्थिक विकासमा शिक्षाले टेवा पुऱ्याउन सक्छ ।

विद्यार्थीलाई व्यक्तिगत रुपबाट आयआर्जनमा सक्षमता बढाउनका लागि पनि प्राविधिक तथा व्यावसायिक शिक्षाको आवश्यकता देखिन्छ । तसर्थ प्राबिधिक तथा सपयुक्त जनशक्ति नै आर्थिक उन्नयनका मुख्य चालक हुन् भन्ने कुरामा पनि हामीले ख्याल गर्नु पर्दछ । अब हाम्रा विद्यालय तहदेखि उच्च शिक्षासम्मका हरेक पाठ्यक्रममा प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेटेर कोही पनि बिरोजगार नरहने गरी गुणस्तरीय शिक्षा प्रदान गर्न सक्यौ भने मात्र व्यक्तिगत तवरबाट नै सम्वर्द्धन तथा भलाई हुने कुरामा कुनै शंका रहँदैन। गुणस्तरीय शिक्षाका लागि बाल मनोविज्ञान बुझेर उनीहरुको रुचीअनुसार प्रभावकारी शिक्षण गर्न, विषयवस्तुको प्रस्तुतिकरणमा विविधता ल्याउन, शैक्षिक समग्री निर्माण र प्रयोगमा प्रभावकारी बनाउन र बालकको मनोवृति अनुसारका मुल्यांकन गर्न, पाठ्यक्रमलाई मुख्य केन्द्र बनाई शिक्षण सिकाई गर्न शैक्षिक प्रशासकहरुलाई शैक्षिक तालिम अपरिहार्य छ ।

अहिलेको बदलिँदो विश्व बजारमा व्यक्तिलाई अद्यावधिक गराई राख्नका लागि पाठ्यक्रमलाई पनि समय सान्दर्भिक परिमार्जन र परिवर्तन गर्नु पनि उत्तिकै आवश्यक देखिन्छ। अहिलेको २१औं शताब्दीमा शिक्षकहरु नयाँ नयाँ सूचना तथा प्रविधिसँग खेल्न सक्नु पर्दछ र शिक्षण सिकाइको माध्यमबाट विविध क्षमता भएका विद्यार्थीका रुची र आवश्यकतालाई सम्बोधन गर्न सक्नु पर्दछ। जस्तै अहिलेको परिवेशमा हेर्ने हो भने शिक्षकलाई भर्चुवल कक्षा सम्बन्धि तालिम पहिलेनै दिन सकेको भए अहिलेको यस विषम परिस्थितिमा शिक्षण सिकाइलाई सहजता मिल्ने थियो । तर हामीलाई यस्ता कुरामा ख्यालनै नभएकाले समयमा नै सेवा प्रभाव गर्न नसकेको कुरा स्पष्ट नै छ । तसर्थ अब पछुताउनुको कुनै अर्थ रहँदैन । यद्दपी कोराना महामारीसँगको युद्दको अनुभवलाई आत्मासात गर्दै शिक्षा क्षेत्रमा परिवर्तन ल्याउनका लागि नयाँ तौर तरिका अबलम्बन गर्न अब ढिला गर्नु हुँदैन । कक्षा कोठाको व्यवस्थापन, शिक्षकका लागि तालिम, प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धि पाठ्यक्रम तथा समग्रीहरुको यथोचित विकासमा जोड दिनु नै अबको मुख्य एजेण्डा हुनु पर्दछ। तालिमले शिक्षकको मन र मष्तिस्कलाई नै परिवर्तन गर्न सक्नु पर्दछ । फलस्वरूप यसले विद्यार्थीका व्यवहारमा पनि परिवर्तन ल्याउन सकोस । विद्यार्थीका ज्ञानात्मक, भावनात्मक तथा मनोक्रियात्मक पक्षको अवलोकन गरी सहि मुल्यांकन गर्न सक्ने सामर्थ्य शिक्षकलाई तालिमले प्रदान गर्न सक्नु पर्दछ । विद्यार्थीमा दैनिक रुपमा परिवर्तन आएका व्यवहारका आधारमा निरन्तर विद्यार्थी मुल्यांकन गरी ग्रेडिङ गर्ने परिपाटीलाई माथिल्ला कक्षासम्मका लागि नै दरियो मापदण्डका आधारमा उपयोग गर्दै उचित पृष्ठपोषण प्रदान गरी अपेक्षित व्यवहारहरु प्रदर्शन गर्नका लागि बाल बालिकाहरुलाई उत्प्रेरित गर्नु पर्दछ। जबकी दुई तीन घण्टाको परीक्षालाई आघार मानेर विद्यार्थीका भविष्यका बारेमा निर्णय गर्नु सरासर गल्ती कार्य हुन सक्दछ । तसर्थ सम्बन्धित शिक्षक नै जिम्मेवारी रहनेगरी दैनिक आफ्ना सम्पर्कमा आउने विद्यार्थीको निर्णय गर्ने अधिकार स्वं शिक्षकलाई नै दिनु पर्दछ । विद्यार्थीका शारीरिक, मानसिक तथा संवेगात्मक पक्षको बारेमा राम्रोसँग बुझेको व्यक्तिनै शिक्षक हुने भएकाले उसबाट गरिएका निर्णयहरु सही हुने र विद्यार्थीले आफूलाई पढाउने शिक्षकलाई नै विश्वास गर्न सक्नु पर्दछ । जबसम्म विद्यार्थीले आफ्नु पढाउने शिक्षकलाई नै विश्वास गर्न सक्दैन तब सम्म राज्यले शिक्षाबाट अपेक्षा गरे अनुसारको प्रतिफल प्राप्त गर्न सक्दैन । हाल २०७६/२०७७ सालको परिवेशलाई नजर आन्दाज गरी सरकारले कक्षा दश र एघारको अन्तिम परीक्षालाई कक्षा शिक्षकको विवेकका आधारमा मुल्यांकन गर्ने निर्णयको प्रारम्भ गरेको छ ।

**सम्भावना र चुनौती**

समाज अहिले सम्मुन्नत हुन नसक्नुमा शिक्षण पेशालाई हेयको दृष्टिकोणले हेरिनुले नै हो । सबै भन्दा कम अंक ल्याउने विद्यार्थीलाई शिक्षाको धारमा प्रवेश दिनुले पनि शिक्षण मर्यादामा आँच आएको हुनु पदर्छ। तसर्थ सबै भन्दा उच्च अंक प्राप्त गरेका शैक्षिक जनशक्तिलाई शिक्षा विधामा समावेश गराउन सक्ने प्रावधान भएमा मात्र शिक्षण पेशालाई समाजले हेर्ने दृटिकोण सकारात्मक बन्ने निश्चित छ । विकसित देशहरुले शिक्षण पेशालाई उच्च दर्जाको रुपमा आत्मसात गरेकाले नै त्यहाका शिक्षाकर्मीहरुलाई हेर्ने संस्कार नै सम्मानजनक छ र सोही अनुसार उनीहरुले पाउने सुविधा पनि सुनिश्चित गरिएका छन् ।

शैक्षिक बिनियोजन अनुसारको खर्चमा हुनसक्ने चुहावाटलाई मापन गर्न सक्ने कसिलो कानुन बन्नु पर्दछ । त्यसको लागि अबलम्बन गरिने अवयवहरु पनि पारदर्शी र मितव्ययी हुनु जरुरी छ । अहिलेको डिजिटल युगमा आर्थिक करोबारमा अनियमितता आउन नदिनका लागि भुक्तानी गरिएका रेकडहरु अभिलेख गरेर जोसुकैले पनि हेर्न मिल्ने गरी संचित गर्नु पर्दछ ।

विद्यालय एउटा समुदाय हो जहाँ भाषिक, सांस्कृतिक, लैंगिक तथा वौदिक विशेषतामा फरक भएका बालबालिकाहरु आउने गर्दछन् । कक्षाकोठामा साथी साथी मिलेर पढ्न रुचाउने स्वभाव भएका बालबालिकालाई यो अवसरबाट बन्चित गराउनु हुँदैन । तसर्थ साथी समूहमा सिक्ने पढ्ने तथा आफूले गरेका कामहरु कक्षाकोठामा साथी र शिक्षक समक्ष सुनाउन पाउने वातावरण विद्यार्थीलाई दिइनु पर्दछ । जसले गर्दा उनीहरुमा सकारात्मक संवेगको विकास भइ अझ आफ्ना अनुभवहरु राम्रोसँग भन्ने र सुन्ने उत्सुकता पैदा हुन्छ । सोही अनुसार उनीहरुको उपलब्धी बढेर जान्छ । तत्पश्चात जीवनमा आइपर्ने समस्यालाई समाधान गर्न सक्ने क्षमता उनीहरुमा विकास हुन्छ ।

सांस्कृतिक विविधता भएका विद्यार्थीहरु जमघट हुने अवसर विद्यालयले प्रदान गर्दछ । विद्यालय भनेको नै हरेक समुदायका मूल्य मान्यताहरु बोकेका जमातहरुको समूह हो । हरेकले हरेकका संस्कृतिलाई बुझ्न पाउने वातावरण विद्यालयमा हुनु पर्दछ, जसका लागि बेला बखतमा सांस्कृतिक मूल्य मान्यता सम्बन्धि कार्यक्रमहरू विद्यालयमा आयोजना गर्नु पर्दछ । अझ विद्यार्थीका अभिभावकको संलग्नतामा यस्ता कार्यक्रम हुन सकेको खण्डमा उत्तम मानिन्छ । यस्ता खालका सांस्कृतिक कार्यक्रममा बालबालिकाका आँखा आफ्ना अभिभावकमा केन्द्रित हुने गर्दछन् । परिणामत उनीहरुलाई हौसला मिल्दछ र अझ राम्रो क्रियाकलापहरु प्रदर्शन गर्न सरिक हुन्छन् ।

**कक्षा कोठामा विभेदपूर्ण व्यवहारलाई निरुत्साहित गर्ने**

शिक्षकले गर्ने हरेक क्रियाकलापको लेखाजोखा विद्यार्थीले गर्दछन् । आफूलाई गर्ने व्यवहार विभेदपूर्ण भए नभएको एक एक हिसाब किताब गर्ने स्वभाव उनीहरुको हुन्छ । मलाई शिक्षकले किन प्रश्न सोध्नु भएन, किन मेरा भनाइलाई बोर्डमा लेखिएन, किन मलाई शिक्षकले ध्यान दिनु भएन भन्ने प्रश्नहरु भाषिक, सांस्कृतिक, लैंगिक तथा बौदिक रुपले न्यून ठानिएका विद्यार्थीमा पर्न सक्दछ । तसर्थ यस विषयमा शिक्षक गम्भिर हुनु पर्दछ ।

विद्यार्थीले गरेका राम्रा व्यवहारको प्रशंसा तथा सम्मान गर्ने र नराम्रा कामका लागि निरुत्साहित गर्ने परिपाटी बसाल्नु पर्दछ । विद्यालयमा विद्यार्थीले गरेका हरेक साना साना उपलब्धिलाई पनि मुल्यांकन गर्ने र कमजोर विद्यार्थीलाई हौसला दिँदै उनीहरुमा शारीरिक, मानसिक तथा संवेगात्मक पक्षको विकास कसरी भइरहेको छ भन्ने कुराको पनि हेक्का राख्नु पर्दछ । सबै खाले बालबालिकामा सिकाइ वातावरणलाई सहज बनाउनको लागि विशेष पहल गर्नु पर्दछ । विद्यार्थीमा उच्च उपलब्धि हासिल गराउनका लागि नया नयाँ शिक्षण विधि र मुल्यांकन पद्दति मा लचकताको खाचो पर्दछ ।

विद्यार्थी र शिक्षक दुवैका कामको मुल्यांकनका लागि प्रत्यक घटना तथा व्यवहारको रेकड राख्नु पर्छ । जसमा शिक्षकले गरेका कार्यगत अनुसन्धानात्मक रिपोटहरु, दैनिक डायरी, पाठ योजना तथा शिक्षक साथीहरुले कक्षा अवलोकनबाट दिएका सुझावहरु र विद्यार्थीका गतिविधिहरुलाई पनि रेकड गरेर अध्यावधिक गरी राख्ने कामलाई प्राथमिकतामा राख्नु पर्दछ । यिनै सूचनालाई आधार मानेर स्वं शिक्षक र विद्यार्थीका कमिकमजोरीमा सुधार ल्याई शिक्षण सिकाइमा देखिएका समस्यालाई निराकरण गर्न सकिन्छ ।

# अपांगता भएकाको शिक्षामा देखिएका चुनौती

**नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा ३ मा शिक्षासम्बन्धी हकअर्न्तगत अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने छ भनिएको छ ।**



शर्मिला विश्वकर्मा

विश्वव्यापी रूपमा फैलिएको कोरोनाको प्रभावबाट बच्न सरकारले गरेको लकडाउन अहिले हटेको छ । तर, शैक्षिक संस्थाहरू खुला गर्ने वातावरण बनेको छैन । चैत ११ गते लकडाउन हुनुअघि अधिकांश शैक्षिक संघ संस्था वार्षिक परीक्षा सक्नतिर लागे र धमाधम विद्यालय बन्द गर्न थाले । विश्वमा जस्तै नेपालमा पनि कोरोना संक्रमण फैलिन थालेपछि स्वाभाविक रूपमा लकडाउनको घोषणा भयो, सबै शैक्षिक संस्थाहरू बन्द भए । सामुदायिक तथा निजी विद्यालय, क्याम्पसमा नियमित हुने गरेको शैक्षिक कार्यहरू रोकिए । चैतमा हुने भनेको एसईई परीक्षा र कक्षा ११ र १२ को बोर्ड परीक्षासमेत नहुने घोषणा गरियो । कोरोनाको संक्रमणको कारण यस्तो परिस्थितिमा मानिसलाई दैनिक जीवनयापनका साथै शिक्षा क्षेत्रमा पनि ठूलो मार पर्न गएको अवस्था छ ।

अन्य बालबालिकाका साथै विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको भविष्य पनि अन्धकारमा नै रुमलिन पुगेको छ । कतिपय अपाङ्गता भएका बालबालिकाले विभिन्न संघ संस्थाहरूको सहयोगमा छात्रवासमा बसेर अध्ययन गरिरहेका थिए । कोरोनाका कारण कतिपय विद्यार्थी आफ्नो घर जान बाध्य भए भने कतिपय संस्थामा बसेका छन् ।

घरमा उनीहरू अनुकूलको वातावरणको अभाव छ, भौतिक संरचना अपांगतामैत्री छैन । यसमाथि अपाङ्गता अनुकूलको पाठ्यसामग्रीको अभावमा नियमित अध्ययन गर्दै आएको शिक्षालाई स्वअध्ययन गर्न चुनौती रहेको छ । अपाङ्गताभित्र पनि विविधता रहेको कारण बहिरा अपाङ्गता भएका व्यक्तिहरू, न्यून तथा पूर्णदृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरू, सामान्यखालका बौद्धिक अपाङ्गता भएका वा सहयोगी आवश्यक हुने अपाङ्गता भएका व्यक्तिहरूले यस अवस्थामा शिक्षालाई निरन्तरता दिन सकेका छैनन् । उदाहरणका लागि दृष्टिविहीन अपाङ्गता भएको विद्यार्थीले विद्यालयमा ब्रेललिपि तथा अडियो पुस्तकबाट वा शिक्षक तथा साथीहरूको सहयोगबाट सुनेर तथा ब्रेललिपि छामेर पढ्ने गर्थे भने घरमा ती पाठ्यसामग्रीहरू उपलब्ध नहुँदा पढाइलाई निरन्तरता दिन सकेका छैनन् । बहिरा अपाङ्गता भएका विद्यार्थीका लागि सांकेतिक भाषाको ज्ञान भएको दोभाषे आवश्यक हुन्छ । उनीहरूले शिक्षक वा अरूले बोलेर पढाएको सुन्न सक्दैन । यस्तो अवस्थामा त्यस्ता प्रकारका अपाङ्गता भएका विद्यार्थीका लागि यो सम्भव छैन ।

यसबीच केही निजी तथा सामुदायिक विद्यालयले अनलाइन तथा टेलिभिजन र रेडियो एफएमबाट पढाइलाई निरन्तरता दिए । तर, निजी विद्यालयले साउन १ गते अनलाइन शिक्षा स्थगित गरेको छ । यस कार्यले सहरी क्षेत्रका इन्टरनेट तथा टेलिभिजनको पहुँच भएका विद्यार्थी मारमा परेका छन् । यद्यपि, सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका लागि रेडियो, एफएम तथा टेलिभिजनमार्फत विद्यालयस्तरको पढाइलाई निरन्तरता दिइएको छ ।

यसरी वैकल्पिक प्रणालीबाट विद्यार्थीलाई शिक्षा प्रदान गर्नेक्रममा सिकाइ विधिहरू अपाङ्गता भएका विद्यार्थीका लागि मैत्री बनेको पाइँदैन । जसका कारण यो सिकाइ प्रक्रियामार्फत अपाङ्गता भएका विद्यार्थी शिक्षा लिने अवसरबाट वञ्चित भएका छन् । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जेठ १८ गते वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका-२०७७ जारी गरी गत असार १ गतेदेखि अनिवार्य रूपमा कार्यान्वयन गर्न सामूहिक विद्यालयलाई आग्रह गरेबमोजिम उक्त सिकाइ प्रविधिबाट अनलाइन तथा टेलिभिजनको माध्यमबाट पढाउन थालियो । उक्त निर्देशिकाअनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित रहेर उत्पादन गरिएका विषयगत श्रव्य पाठहरू अनलाइन, एनटीभी प्लसजस्ता च्यानलहरूबाट विभिन्न अनिवार्य विषयमा कक्षा १ देखि १० सम्मका पाठ्यसामग्रीहरूको पढाइ हुने गर्दछ । यस्तो राम्रो कार्यक्रममा विभिन्नप्रकारका अपाङ्गता भएका विद्यार्थीलाई पनि सोहीअनुसारको शिक्षण पद्धति अपनाउनुपर्दछ । अपाङ्गता भएका सबै विद्यार्थीको पहुँचमा टेलिभिजन, इन्टरनेट, रेडियो, ल्यापटप, कम्प्युटर, मोबाइल छैन । टेलिभिजन भएका बहिरा अपाङ्गता भएका विद्यार्थीले पनि दोभाषेको अभावमा शिक्षा लिन पाएका छैनन् ।

साङ्ग तथा अपाङ्गता भएका विद्यार्थीको सवालमा शिक्षा मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले समावेशी शिक्षा शाखामार्फत काम गर्दै आएको छ । यस विषम परिस्थितिमा केन्द्रले कक्षा १ देखि ८ सम्मका पाठहरूको भिडियो सामग्री तयार गर्दा अपाङ्गता भएका बालबालिकाहरूको पहुँच पुग्नेगरी शैक्षिक सामग्री निर्माण नगर्दा देशभरि रहेका ७० हजार २२५ जना त्यस्ता विद्यार्थीको भविष्य अन्योलमा परेको छ । शिक्षा मन्त्रालयले वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ ल्याएको छ । निर्देशिकाभित्र अन्य विद्यार्थीका साथै अपाङ्गता भएका विद्यार्थीको पहुँच, सहभागिता, अपाङ्गता अनुकूलको वातावरण, शिक्षण विधि कुनै पनि कुरालाई सम्बोधन गरिएको छैन । जसका कारण अनलाइन, टेलिभिजन तथा रेडियोबाट पढाइरहँदा त्यहाँ अपाङ्गता भएका बालबालिकाको पहुँच पुगेको छैन ।

अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा सहज पहुँच पुऱ्याउने भनेर विभिन्न समयमा विभिन्न नीति, नियम, तथा कानुनहरू बनेका छन् । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा २४ मा शिक्षाको व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा ३ मा शिक्षासम्बन्धी हकअन्तर्गत अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने छ भनिएको छ । यसै धाराको उपधारा ४ मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ भनी

व्यवस्था गरिएको अवस्थामा अपाङ्गता अनुकूलको सामग्री निर्माणमा चासो नदिएकोले अपाङ्गतालाई स्वीकार नगरेको अनुभव हुन्छ ।

अपाङ्गता अधिकार ऐन-२०७४ को धारा २३ मा अपाङ्गता भएका विद्यार्थीको शिक्षामा पहुँच अभिवृद्धि गर्ने भनिएको छ । यसमा नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीलाई अध्ययन गराउने शिक्षक तथा अपाङ्गता भएका शिक्षकका लागि विशेष तालिमको व्यवस्था गर्ने, अपाङ्गता भएका विद्यार्थीको सिकाइमा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयलाई तोकिएबमोजिम शैक्षिक सामग्रीहरू निःशुल्क उपलब्ध गराउने भनिएको छ । त्यसैगरी, राष्ट्रिय शिक्षा नीति-२०७६ मा पनि अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाका सवालहरू प्रस्ट रूपमा उल्लेख गरेको छ । तर, आज कठिन परिस्थितिमा आफैं पढ्न, लेख्न सक्ने, जसमा कुनै प्रकारको अपाङ्गता छैन, जसलाई पढ्नका लागि कुनै प्रविधि तथा सहयोगीको आवश्यक छैन, उनीहरूका लागि अनलाइन, रेडियो, एफएम, टेलिभिजनमार्फत शिक्षा प्राप्त गरिरहेका छन् भने आफ्नो अपाङ्गता अनुकूलको वातावरणको अभाव, शिक्षण पद्धतिको अभाव, इन्टरनेट, ल्यापटप, मोबाइल, टेलिभिजन, साङ्केतिक भाषाको दोभाषेको व्यवस्था नहुँदा अधिकारबाट वञ्चित हुनुपरेको छ । अपाङ्गता भएका व्यक्तिको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितताका लागि सरकारले पहल गर्न जरुरी छ ।

# कोरोना संक्रमित भेटिएपछि उत्तर कोरियामा संकटकाल घोषणा



**सोल/एजेन्सी–** उत्तर कोरियामा कोरोना नियन्त्रणका लागि संकटकालको घोषणा गरिएको छ । कोरोनाभाइरसबाट सङ्क्रमित भेटिएपछि फैलिने डरले लकडाउनसहितको संकटकाल घोषणा गरिएको राज्यद्वारा सञ्चालित सञ्चारमाध्यमले जनाएको छ । सिमानामा पर्ने काएसोङ सहरमा पहिलो कोरोना सङ्क्रमित भेटिएकोले संकटकाल लगाउनु परेको अधिकारीहरुले जानकारी दिएका छन् ।

सर्वोच्च नेता किम जोङ उनले शनिबार पोलिटब्युरो बैठक मार्फत संकटकाल लगाउँदै उच्च सतर्कता अपनाउनु पर्ने निर्णय गराएका हुन् । नेता किमले भाइरसलाई परास्त पार्न उच्चतम आपतकालीन प्रणाली लागु गर्न आदेश दिएका छन् । आफ्ना गतिविधि एवम् विवरणहरू गोप्य राख्ने गरेको उत्तर कोरियाले यसअघि कोरोना सम्बन्धी कुनै पनि घटनाहरू नभएको दावी गर्दै आएको थियो । गएको हप्ता दक्षिण कोरियबाट फर्किएका एक व्यक्तिमा कोरोना भाइरसको संक्रमण देखिएको त्यहाँको राज्यद्वारा सञ्चालित सञ्चारमाध्यमले जनाएको छ । तीन वर्षअघि देशद्रोहको अभियोग लागेका ती व्यक्ति तीन वर्ष पहिले दक्षिण कोरिया गएका थिए । गैर कानुनी रुपमा सीमा पार हुँदै जुलाई १९ मा ती व्यक्ति उत्तर कोरिया प्रवेश गरेको दावी छ ।

ती व्यक्तिलाई क्वारेन्टाइनमा राखिएको छ भने उनीसँग सम्पर्कमा आएका मानिसहरुको कन्ट्याक्ट ट्रेसिङ भइरहेको छ । उत्तर कोरियाले रसिया र अन्य मुलुकबाट हजारौं कोरोना भाइरस टेस्ट गर्ने किट प्राप्त गरेको छ । उत्तर कोरियामा हजारौंको संख्यामा मानिसहरु क्वारेन्टाइनमा राखिएको छ ।

नेता किमले सैनिकहरुलाई सीमाबाट प्रवेश गरेको विषयमा अनुसन्धान गर्न जिम्मा दिइसकेका छन् भने आवश्यक कारवाही गर्न पनि भनेका छन् । कोरियन वर्कर्स पार्टीका अध्यक्षसमेत रहेका किमको अगुवाइमा शनिबार पार्टीको केन्द्रीय कार्यालयमा बैठक बसेको थियो । बैठमा महामारीविरुद्धको संस्थाका उच्च अधिकारीहरु, मन्त्रिमण्डका सदस्य, विभिन्न प्रान्तका प्रशासन अधिकारीहरु, पार्टीका प्रतिनिधिहरु, संस्थानका अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

**'हालै आउजाउ भएको देखिँदैन'**

यसैबीच दक्षिण कोरियाले असैनिकृत सीमा क्षेत्रमा हालै गैरकानुनी रूपमा कुनै आउजाउ भएको नदेखिएको जनाएको छ । विश्वभर कोरोनाभाइरस फैलिरहँदा उत्तर कोरियाले आफ्नो सीमाना बन्द गर्दै हजारौं मानिसहरूलाई ६ महिनासम्म आइसोलेसनमा राखेको थियो । यो महिनाको सुरुमा किमले कोभिड-१९ सँग जुध्ने मामिलामा आफ्नो देशले 'प्रशंसायोग्य सफलता' हासिल गरेको दाबी गरेका थिए । तर अन्तर्राष्ट्रिय समुदायले भने त्यो कुरा सत्य नरहेको बताउँदै आएको थियो ।

# अमेरिकी वाणिज्यदूतावास खाली गर्न थालियो



**चीन/एजेन्सी–** चीनको चेङ्दु शहरमा रहेको अमेरिकी वाणिज्यदूतावासबाट स्थानीय कामदारहरुले अमेरिकी प्रतीक चिन्हहरु शनिबार हटाएका छन् । बेइजिङले चेङ्दुस्थित वाणिज्यदूतावास बन्द गर्न आदेश दिएलगत्तै भोलिपल्ट अर्थात शनिबार दूतावासबाट ती सामान हटाउन थालिएको हो ।

अमेरिकाको ह्युस्टनस्थित चिनियाँ वाणिज्यदूतावास हटाउन अमेरिकी प्रशासनले आदेश दिएलगत्तै त्यसको बदलामा चीनले पनि चेङ्दुस्थित अमेरिकी वाणिज्यदूतावास बन्द गर्न आदेश दिएको थियो । दुबै मुलुकले वाणिज्यदूतावास मार्फत एकअर्का विरुद्ध जासुसी गरेको र राष्ट्रिय सुरक्षामाथि खतरा उत्पन्न भएको आरोप लगाउँदै आएका छन् ।

चेङ्दुको अमेरिकी वाणिज्यदूतावास कहिले बन्द हुन्छ भन्नेबारेमा अझै स्पष्ट भइसकेको छैन, तर वाणिज्यदूतावासमा राखिएका प्रतीक, निशान हटाउन थालिएको एएफपीका स्थानीय समाचारदाताले बताएका छन् । अहिले त्यहाँ अमेरिकी झण्डामात्र फर्फराएको देख्न सकिन्छ ।

शनिबार अपराह्न तीन वटा ट्रक वाणिज्यदूतावास परिसरमा प्रवेश गरेका थिए । भवनबाट ठुल्ठूला प्लास्टिक ब्यागमा सामानहरु बिहानैपख फालिएका थिए । फुटेका प्लास्टिक ब्यागभित्र कागजातहरु देखिएको एएफपीका समाचारदाताले जनाएका छन् ।

बेइजिङले चेङ्दुस्थित अमेरिकी वाणिज्यदूतावास बन्द गर्नु चीनका लागि बैधानिक र अत्यावश्यक कार्य रहेको प्रतिक्रिया दिइसकेको छ । बेइजिङले चेङ्दुस्थित कुटनीतिक नियोगले चीनको राष्ट्रिय सुरक्षा र सरोकारमाथि खतरा उत्पन्न गराएको आरोप लगाएको छ ।

उता, अमेरिकी अधिकारीहरुले पनि ह्युस्टनस्थित चिनियाँ वाणिज्यदूतावासका गतिविधि शंकास्पद रहेको आरोप लगाएका छन् । ह्युस्टन नियोगले अमेरिकी कर्पोरेट गोपनीयताका साथै स्वास्थ्य र वैज्ञानिक अनुसन्धानसँग सम्बन्धित सूचनाहरु चोरी गरेको दाबी गरेको छ ।

अमेरिकाले ह्युस्टन नियोग ७२ घण्टाभित्र छाड्न आदेश दिएसँगै शुक्रबारभित्र नियोगको कार्यालय बन्द भएको छ भने त्यहाँबाट सबै कर्मचारीले कार्यालय छाडेका छन् । बेइजिङले अमेरिकी गुप्तचर निकायका व्यक्तिहरु ह्युस्टन नियोगभित्र जबर्जस्ती प्रवेश गरेको बताएको छ । चीनको विदेश मन्त्रालयले जारी गरेको वक्तव्यमा ह्युस्टन नियोग अन्तर्राष्ट्रिय कानुन बमोजिम स्थापना भएको र यो चिनियाँ सम्पत्ति रहेको उल्लेख छ ।

# अस्ट्रेलियामा कोरोना महामारीबाट जनजीवन प्रभावित




**मेलबोर्न/एजेन्सी–** कोरोनाभाइरसको महामारी शुरु भएयता अस्ट्रेलियामा पहिलोपटक एकै दिन सबैभन्दा ठूलो क्षति भएको छ । अस्ट्रेलियाली स्वास्थ्य अधिकारीहरुका अनुसार आइतबार एकै दिन १० जनाको कोरोनाभाइरस संक्रमणका कारण मृत्यु भएको छ । भिक्टोरियाको राजधानी शहर मेलबोर्नमा कोरोना संक्रमण फैलिन नदिन सरकारले लकडाउनका कडा नियमहरु जारी गरे पनि कोरोना संक्रमण बढेको र मानिसको मृत्यु समेत हुन थालेको छ ।

पछिल्लो मृत्यु समेत हालसम्म कोरोना संक्रमणबाट अस्ट्रेलियामा १५५ जनाको मृत्यु भएको छ । विगत २४ घण्टामा भिक्टोरिया राज्यमा ४५० जना नयाँ संक्रमित भेटिएका छन् । भिक्टोरियाका प्रिमियर डेनियल एन्ड्रुले ४० र ८० वर्ष उमेर हाराहारीका दश जनाको मृत्यु भएको जानकारी दिए । तीमध्ये वृद्धवृद्धाको हेरचाह केन्द्रहरुमा फैलिएको संक्रमणका कारण सात जनाको मृत्यु भएको हो ।

अस्ट्रेलियामा हालसम्म कोरोना संक्रमितको कूल संख्या करिब १४ हजार छ । तर अस्ट्रेलियामा देखिएको कोरोनाभाइरसको दोस्रो लहरले सरकारमाथि दबाब बढेको छ । सरकारले मेलबर्नमा गरेको लकडाउन दोस्रो साता पुगिसकेको छ, तर संक्रमितको संख्या अझ बढेको छ ।

शहरमा मास्क अनिवार्य गरिएको छ भने भिक्टोरिया राज्यलाई अस्ट्रेलियाका अन्य शहरबाट अलग गरिएको छ अर्थात् सम्पूर्ण आवतजावत बन्द गरिएको छ । प्रहरी र सेनाले राज्यका सीमाहरुको निगरानी गरिरहेका छन् भने अन्य राज्यबाट आफ्नो घर फर्कनेहरुलाई अनिवार्य क्वारेन्टिनमा राखिएको छ । तैपनि, आइतबार मात्र भिक्टोरि यामा ४५९ नयाँ संक्रमित भेटिएका छन् । शनिबार पनि यहाँ ३५७ जनामा कोरोना पोजेटिभ भेटिएको थियो ।

# टेक्सासमा हाना आँधीको त्रास



**अमेरिका/एजेन्सी–** समुद्री तुफान हाना अमेरिकाको टेक्सास राज्यको तटीय क्षेत्रमा ठोक्किएको छ । टेक्सासको दक्षिणी क्षेत्रमा हाना तुफान ठोक्किएसँगै ठूलो आँधी आउने, तीव्र गतिमा हुरी चल्ने तथा भारी वर्षा हुने चेतावनी अमेरिकी अधिकारीले दिएका छन् ।

टेक्सासका गभर्नर ग्रेग एबोटले राज्यका ३२ काउन्टीमा विपदको अवस्था घोषणा गरेका छन् । कोरोना भाइरसको महामारीका अवस्था रहेकाले आपतकालीन सेवा प्रदानमा कठिनाइ हुन सक्ने बताएका छन् ।

स्थानीय समय अनुसार शनिबार बेलुका हाना तुफान पाड्रे आइल्याण्डमा ठोक्किएको हो । आँधीका कारण १४५ किलोमिटर प्रतिघण्टाको गतिमा हुरी चल्ने जनाइएको छ । अहिले हाना तुफानलाई क्याटगगोरी वानमा राखिएको छ । आँधी-तुफान क्याटगोरी फाइभसम्म हुन्छ र माथिल्लो क्याटगोरीको सबैभन्दा जोखिमपूर्ण हुन्छ । टेक्सासका बासिन्दाहरुलाई आपतकालीन सेवाले आग्रह गरेका सावधानी अपनाउन भनिएको छ ।

# पश्चिम अफगानिस्तानमा आठ लडाकू मारिए



**अफगानिस्तान/एजेन्सी–** अफगानिस्तानको घोर प्रान्तको शाहराक जिल्लामा सरकारी सेनासँग भएको भिडन्तमा एक जना मुख्य तालिबान कमान्डर सहित आठ जना तालिबान लडाकू मारिएको सेनाले जनाएको छ । अफगान सेनाद्वारा जारी वक्तव्यमा आइतबार भएको उक्त भिडन्तमा तालिबान कमान्डर मुल्लाह खक्सारको मृत्यु भएको उल्लेख छ ।

तालिबान कमान्डर मुल्लाह खक्सारको नेतृत्वमा आएको तालिबान समूहको एक टोलीले खारिस्तान क्षेत्रको एउटा सुरक्षा जाँच चौकीमा आक्रमण गरेपछि भिडन्त भएको थियो । सरकारी सेनाको जवाफी कारबाहीमा कमान्डर खक्सार सहित आठ जनाको घटनास्थलमै मृत्यु भएको र अरु लडाकू त्यहाँबाट भागेको सेनाले जनाएको छ ।

घोर प्रान्तका तालिबानमाथि कमान्डर खक्सारको मृत्युले ठूलो क्षति पुगेको सेनाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । फिरोज कोह राजधानी रहेको घोर प्रान्तमा तालिबानको प्रभावशाली उपस्थिति रहेको छ ।

# ट्युनिसियामा राजनीतिक गतिरोधबीच नयाँ प्रधानमन्त्री नियुक्त



**ट्युनिस/एजेन्सी–** ट्युनिसियाका गृहमन्त्री हिचेम मेचिचीलाई देशको भावी प्रधानमन्त्रीमा मनोनयन गरिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । उत्तर अफ्रिकी मुलुक ट्युनिसियामा प्रमुख राजनीतिक दलहरुबीच राजनीतिक गतिरोध उत्पन्न भएसँगै राष्ट्रपति कार्यालयले उक्त सूचना सार्वजनिक गरेको छ ।

यसै महिनाको शुरुमा प्रधानमन्त्री एलिस फाखफाखले राजीनामा दिएका थिए । सत्तारुढ राजनीतिक दलहरुले भने राष्ट्रपति काइस साइद समक्ष ४६ वर्षीय गृहमन्त्री मेचिचीको नाम प्रस्ताव गरेका थिएनन् । राष्ट्रपति कार्यालयको शनिबारको वक्तव्य लगत्तै एक विज्ञप्ति जारी गरी नवनियुक्त प्रधानमन्त्री मेचिचीले सबै ट्युनिसियालीको भावनालाई समेटी नयाँ सरकार गठन गरिने बताएका छन् ।

सन् २०११ को अरब क्रान्तिपछि सफल लोकतान्त्रिक रुपान्तरण गरेको दृष्टान्त ट्युनिसियाले प्रस्तुत गरेको छ । तर कोरोनाभाइरसका कारण सीमाहरु बन्द गरिएपछि मुलुकको अर्थतन्त्र गम्भीर संकटमा पर्न थालेको र जनतामा सरकारप्रति नैराश्यता देखिन थालेको छ । कोरोनाभाइरसका कारण ट्युनिसियामा करिब ५० जनाको मृत्यु भएको छ भने एक हजार ४०० भन्दा बढी संक्रमित भएका छन् ।

यसअघिको सरकारमा गृहमन्त्री रहेका मेचिचीले राष्ट्रपति काइसको कानुनी सल्लाहकारका रुपमा समेत जिम्मेवारी निर्वाह गरिरहेका थिए । यसअघि उनी यातायात मन्त्रालयको प्रमुख अधिकृत तथा समाज कल्याण मन्त्रालयमा समेत सेवा गरेका थिए । प्रधानमन्त्री मेचिचीलाई नयाँ सरकार गठन गर्न एक महिनाको समय दिइएको छ ।

प्रधानमन्त्री मेचिचीले संसदमा विश्वासको मत लिनु पर्नेछ र बहुमत सिद्ध गर्न सक्नु पर्नेछ । विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा संसद नै विघटन हुनेछ र तीन महिनाभित्र संसदको नयाँ चुनाव हुनेछ ।

गत अक्टोबरमा सम्पन्न आम चुनावमा इस्लामिक कट्टरपन्थी इन्नाधा पार्टीले सबैभन्दा बढी स्थान जितेको थियो तर बहुमत हासिल गर्न सकेको थिएन । अन्ततः गठबन्धन सरकार बनाउन इन्नाधा तयार भएको थियो । पाँच महिना पनि सरकार चलाउन नपाई प्रधानमन्त्री फाखफाखले जुलाईमा राजीनामा दिएका थिए ।

# स्पेनमा कोरोना नियन्त्रणका लागि नयाँ नियम लागू



**स्पेन/एजेन्सी–** कोरोना भाइरसबाट संक्रमित हुनेहरु थपिने क्रम बढ्दै गएपछि स्पेनले संक्रमण नियन्त्रणका लागि नयाँ नियमहरु लागू गरेको छ । महामारीको दोस्रो लहर थप बिस्तारित हुन सक्ने जोखिम कम गर्नका लागि स्पेनले पुनः सचेतता अपनाएको हो ।

क्याटलोनियाले संक्रमण बढ्न थालेपछि दुई हप्ताका लागि नाइट लाइफ बन्द गरेको छ । उत्तर-पूर्वी क्षेत्र क्याटलोनिया बाहिर पनि संक्रमण बढेको देखिएको छ । बेलायतले स्पेनबाट फर्किने सबै सेल्फ आइसोलेशनमा बस्नु पर्ने बताएको छ ।

यस्तै नर्वेले पनि त्यस्तै नियम लागु गरेको छ । फ्रान्सले भने यात्रा सचेतता जारी गरेको छ । फ्रान्स र जर्मनीमा पनि पछिल्लो समय संक्रमण बढिरहेको छ । विश्वका अरु क्षेत्रमा संक्रमण अति तीव्र गतिमा बढिरहेका बेला युरोपमा पनि संक्रमण बढ्न थालेको हो । विश्वभर पछिल्लो दुई दिन दैनिक दुई लाख ८४ हजार भन्दा बढीमा संक्रमण देखिएको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले शनिबार वक्तव्य जारी गरेर भनेको छ, 'संक्रमणबाट कुनै पनि देश चोखो छैनन् तर ठूला शहर र जनसंख्या धेरै भएका अमेरिका र दक्षिण एसियाका देशमा संक्रमण अति तीव्र रुपमा बढिरहेको छ ।'

विश्वभर अहिलेसम्म एक करोड ६२ लाख ३३ हजार भन्दा धेरैमा संक्रमण पुष्टि भएको छ । कोभिड-१९ बाट हालसम्म विश्वभर ६ लाख ४९ हजार भन्दा धेरैको ज्यान गएको छ । सबैभन्दा बढी प्रभावित भएको अमेरिकामा संक्रमितको संख्या ४३ लाख १५ हजार भन्दा धेरै तथा मृत्यु हुने एक लाख ४९ हजार भन्दा धेरै छन् ।

यस्तै ब्राजिलमा २३ लाख ९६ हजार भन्दा बढी संक्रमित भएकोमा ८६ हजार भन्दा धेरैको ज्यान गएको छ । भारतमा संक्रमितको संख्या १३ लाख ९३ हजार भन्दा बढी पुगेको छ भने अहिलेसम्म ३२ हजार एक सय भन्दा बढीको ज्यान गएको छ ।


**कम्पनिको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित २०७७/०४/१२

मिति २०७६/०६/१५ को निर्णय अनूसार साबिकको ढुसेनी निमार्ण सेवा प्रा.लि दर्ता नं. २११६७२/०७५/०७६ को नाम परिवर्तन गरी आमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स राखिएको जानकारी सबैलाई गराइन्छ ।

**डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि.को सार्वजनिक सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **श्रम इजाजत पत्र नं.: ८९६/०६७/०६८** को यस **डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि.**ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | यूएई | ६५ | ८ | ७३ |
| २. | साउदी अरब | ३८ | | ३८ |
| ३. | मलेसिया | २० | | २० |
| ४. | कतार | १२५ | १० | १३५ |
| ५. | बहराइन | ७ | १ | ८ |
| ६. | ओमान | २ | ५ | ७ |
| | कुल जम्मा | २५७ | २४ | कुल जम्मा २८१ जना |

DYNAMIC STAFFING SOLUTION NEPAL (P) LTD. डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि.

सामाखुशी, टाउन प्लानिङ्ग, (SBI बैंकको अगाडि), काठमाडौं, फोन: ४३५७१२७, ४३५७१३३

Gov. Lic. No.: 896/067/068 Email: dssnepaldynamic@gmail.com, Website: www.dssnepal.com.np

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.को सार्वजनिक सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **श्रम इजाजत पत्र नं. ५१३/०६१/०६२ को यस हेराल्ड ईन्टरनेशनल प्रा. लि.**ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | साउदी अरब | ११७ | ० | ११७ |
| २. | कतार | २ | ० | २ |
| | कुल जम्मा | ११९ | 0 | कुल जम्मा ११९ जना |

हेराल्ड ईन्टरनेशनल प्रा. लि.

श्रम इजाजत नं. ५१३/०६१/०६२

नयाँबानेश्वर, काठमाडौं, फोन: ४४७५३३९, ४४६८६९७, ४४७६६०३

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**


(दास्रो पटक प्रकाशित मिति २०७७/०४/१२)

यस कम्पनीको मिति २०७६/०४/०२ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनीको नाम **मेनका इन्टरनेशनल प्रा.लि. (प्रा.लि. नं. ११७००८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोंनुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०५/०६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **निओम इन्टरनेशनल प्रा.लि. (प्रा.लि. नं. ११७००८)** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

# बक्स अफिस समाचार

## कहिले चलमलाउला चलचित्र क्षेत्र ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन




विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण विश्व नै आक्रान्त बनेको छ । कोरोना महामारीका कारण विश्वकै अर्थतन्त्रमा नकारात्मक असर परेको छ । कोरोना महामारीले उद्योग, कलकारखानादेखि हरेक व्यवसायमा गम्भीर असर पारेको छ । यसबाट चलचित्र क्षेत्रसमेत अछुतो रहन सकेको छैन ।

गत मंगलबारबाट चार महिना लामो लकडाउन अन्त्य भइसकेको छ। लकडाउन अन्तयसँगै नेपालको अर्थतन्त्रका खम्बा मानिने विभिन्न क्षेत्र खुलिसकेका छन् । तर, चलचित्र क्षेत्र भने अझै खुलेको छैन । सार्वजनिक यातायातदेखि हवाई उडानसम्म सञ्चालनका लागि अनुमति दिइएको छ । तर, हजारौंको संख्यामा आश्रित चलचित्र क्षेत्र भने प्रतिबन्धकै घेरामा छ । सिनेमाघरमा बढी भीडभाड हुने हुँदा तत्काल नखुलाइएको सरकारको भनाइ छ।

लकडाउनको लामो अवधिसम्म पनि सरकारले चलचित्र क्षेत्रका लागि कुनै राहतको प्याकेज ल्याएन। जसका कारण चलचित्रकर्मीहरु थप मर्कामा परेका छन् । कोरोनाको कहरबीच सरकारले सार्वजनिक गरेको आर्थिक वर्ष २०७६/०७७ को बजेटमा चलचित्र क्षेत्रका समस्या सम्बोधन हुन सकेन। यो क्षेत्र कोरोनाबाट अति प्रभावित क्षेत्रको सूचीमा पनि परेन। सिनेमा हल बन्द हुँदा हल सञ्चालकको करोडौंको लगानी जोखिममा परेको छ । प्रदर्शनको तयारीमा रहेका र छायांकनरत चलचित्रको काम रोकिँदा निर्मातालाई लाखौंको क्षति भएको छ ।

त्यस्तै, कोरोनाका कारण चलचित्र सम्बन्धी सम्पूर्ण कार्य ठप्प हुँदा हजारौं प्राविधिकको रोजीरोटी गुमेको छ । अहिले उनीहरुलाई चुलो बाल्न समेत समस्या भएको छ । भीडभाड हुने विभिन्न क्षेत्र खुल्दा चलचित्र क्षेत्र पुनः सञ्चालनका लागि सरकार गम्भीर नभएको चलचित्रकर्मीहरुको गुनासो छ । यो क्षेत्र तत्काल खुल्ला नगरे त्यसको असर दीर्घकालिन रुपमा पर्ने एकथरी चलचित्रकर्मी बताउँछन् ।

चलचित्र क्षेत्र खोल्न सरकार गम्भीर नभएको भन्ने टिप्पणी भइरहँदा विभिन्न विषयमा चलचित्रकर्मीबीच गम्भीर बहस हुन आवश्यक देखिन्छ। मानिसहरु अझै निर्भिक रुपमा घरभन्दा बाहिर निस्कन सकेको अवस्था छैन ।

लकडाउन अन्त्य हुँदा पनि चलचित्र क्षेत्र नखुलेपछि अभिनेत्री पूजा शर्माले फेसबुकमा स्टाटस लेखेर भारतको चलचित्र क्षेत्र खुलेपछि मात्र नेपालमा खोल्नु पर्ने हो भन्दै सरकार र चलचित्र क्षेत्रका अगुवाहरुलाई प्रश्न गरिन् । कोरोना कहरबाट सुरक्षित रहने व्यवस्थासहित चलचित्र क्षेत्रलाई चलायमान बनाउन चलचित्रकर्मीबीच बहस र सरकारलाई दबाब दिन पनि उनले आग्रह गरेकी छन् ।

यदि सरकारले चलचित्र क्षेत्र खुला गर्ने निर्णय गरेपनि कोरोना संक्रमणकाबीच चलचित्र हेर्न दर्शक सिनेमा हल जालान् या नजालान तत्कालै भन्न सकिने अवस्था छैन । लकडाउन अन्त्य भएसँगै चलचित्र क्षेत्र खोल्नुपर्ने धारण राख्ने चलचित्रकर्मीहरुको जमात पनि ठूलै छ। तर कोरोना संक्रमणबाट जोगिने र जोगाउने अहिलेको मूख्य चुनौती हो । तर सरकारले चलचित्र क्षेत्रको अहिलेको अवस्था हेरेर कुनै एउटा निर्णय लिन उपयुक्त हुने चलचित्रकर्मीहरु बताउँछन् ।

## बक्स अफिसद्वारा तीन स्रष्टा सम्मानित




**काठमाडौं/मस-** बक्स अफिस इन्टरनेशनल ग्रुप र बक्स अफिस फिल्मी कल्ब नेपालले वरिष्ठ चलचित्र लेखक मौनता श्रेष्ठ, पुरानो लोक गायक तथा गीतकार कृष्ण बस्नेत र कलाकार सुमन लामालाई सम्मान गरेको छ । शनिबार सिन्धुपाल्चोकमा आयोजित एक विशेष कार्यक्रममा झण्डै तीन दशक लामो नेपाली चलचित्रको पटकथा, संवाद र चलचित्र निर्माणमा पुऱ्याएको उच्च योगदानको मुल्यांकन गर्दै उनीहरुलाई सम्मान गरिएको हो ।

कोरोनाको कहरसँगै व्यवसायिक रुपमा सबैभन्दा लामो समयसम्म थला परेको नेपाली चलचित्र, गीत संगीत र पर्यटन क्षेत्रको गाउँस्तर देखी अन्तर ाष्ट्रिय बजारसम्म प्रचारप्रसार र यो क्षेत्रमा लागिपरेका पुराना र नयाँ स्रष्टाहरुलाई सम्मान गर्ने अभियानमा बक्स अफिसले उक्त सम्मान गरेको हो । आगामी असोजको तेस्रो साता पर्यटन नगरी धुलिखेलमा आयोजना हुन गइरहेको १२ औं नेसनल बक्स अफिस फिल्म फियर अवार्ड आयोजनाको नालादेखि सुकुटेसम्म प्रचारप्रसार र घरदैलो कार्यक्रम गत महिनादेखि निरन्तर चल्दै आएको बक्स अफिसले जानकारी दिएको छ। उक्त कार्यक्रममा पनि सम्मानित श्रेष्ठ, बस्नेत र लामा उत्साहजनक सहभागी हुँदै आएको बक्स अफिसले जनाएको छ ।

'माया न मारा', 'बुबा आमा', 'दादागिरी', 'खलनायक', 'निखिल दाइ', 'धड्कन'लगायत दर्जनौं सुपर हिट फिल्ममा लेखन गरेका चलचित्र लेखक मौनता श्रेष्ठले आफ्नो लगानीमा 'अभिमन्यु', 'आँधी तुफान', 'भगवान् सबैको', 'पिचडा ब्याक अगेन', 'मेरो मान्छे' जस्ता चलचित्र निर्माण गरेकी छन् भने नयाँ चलचित्र 'आँधी तुफान २' को निर्माणको तयारीमा रहेकी छन् ।

हाल श्रेष्ठ निर्माणाधिन चलचित्र 'खलनायक २' को लेखन कार्यमा पनि व्यस्त रहेको बताउँछिन् । पर्यटनस्थल सिन्धुपाल्चोकमा आयोजित कार्यक्रममा बोल्दै निर्माता तथा लेखक मौनता श्रेष्ठले अझै आफ्नो कर्ममा नयाँ नयाँ जिम्मेवारी थपिएको बताइन् ।

अर्का सम्मानित कृष्ण बस्नेत ५० वर्ष गीत संगीत क्षेत्रमा निरन्तर लागिरहेका छन्। बस्नेतले थुप्रै गीत संगीत निर्माण गरेका छन् । हाल कोरोना र लेपुलेक समय सान्दर्भिक गीत संगीत लिएर दर्शकमाझ आएका छन् । सम्मानित भएपछि बस्नेतले जिवनको खुसीमध्ये सो पल अविस्मरणीय रहेको बताए ।

त्यसैगरी सम्मानित कलाकार सुमन लामाले अझै धेरै काम गर्न सक्ने विश्वास बढेको बताए । बक्स अफिसको कोरोना महामारी संकटमा पनि निरन्तर रचनात्मक कार्यक्रम आयोजना गरेर देश, पर्यटन र चलचित्र तथा गीत संगीत बजारलाई विदेश ब्युताउँने कामको उच्च प्रशंसा पनि सम्मानितहरुले आयोजित कार्यक्रमम गरेका थिए ।

## 'नेपाली आर्ट, कल्चर एण्ड म्युजिक अवार्ड २०२०' हुँदै

### ■आवेदन फारम खुला





**काठमाडौं/मस-** 'नेपाली आर्ट, कल्चर एण्ड म्युजिक अवार्ड २०२०' हुने भएको छ। कोभिड-१९ तथा लकडाउनले गर्दा सुस्ताएको नेपाली सांगीतिक क्षेत्रलाई चलायमान बनाउन र सांगीतिक क्षेत्रमा नयाँ आयाम थप्नको लागि कला, संस्कृति र सांगीतिक क्षेत्रका व्यक्तित्वहरुलाई सम्मान गर्ने उद्देश्यले संगीतका विभिन्न विधा तर्फ 'नेपाली आर्ट, कल्चर एण्ड म्युजिक अवार्ड २०२० ' गरिने भएको छ । 'नेपाली आर्ट, कल्चर एण्ड म्युजिक अवार्ड २०२० ' यहि आउँदो भदौ महिनाभित्र काठमाडौंमा गरिने आयोजक कमिटीले बताएको छ ।

म्युजिक अवार्ड आवेदनको लागि दर्ता फारम खुलीसकेको छ भने भदौ १५ गतेसम्म फारम भरिने जानकारी गराइएको छ । जसका लागि २०७६ असोजदेखि २०७७ भदौसम्मका गीत संगीतहरुलाई समावेश गरिने भएको छ भने नवप्रतिभाको हकमा २०७६ भित्र गीत निकालेको हुनु पर्नेछ ।

क्रियटिभ ईन्साइट मिडियाको प्रस्तुतिमा हुन लागेको यस अवार्डलाई शुभकामना मिडिया सोलुसन प्रालिले व्यवस्थापन गर्ने भएको छ । संचारकर्मी सुर्य चन्दको अधक्ष्यतामा हुने यस अवार्ड कार्यक्रमको संयोजक तथा कार्यक्रम निर्देशक सुमन बैरागी पण्डित रहेका छन् । उत्कृष्ट नवप्रतिभा, रचनाकार, लोक तथा दोहोरी गायक-गायिका, पर्व विशेष गीत- तिज, दशैं तिहार, होली, भजन, पप र आधुनिक गायक-गायिका, भाषा-भाषिका गीत, म्युजिक भिडियो, आर्ट तथा सांस्कृतिकलगायत विभिन्न विधामा अवार्ड प्रदान गरिनेछ ।

अवार्डमा समाजका विभिन्न प्रतिष्ठित व्यक्तिहरुलाइ सम्मान गरिने छ भने नेपाल कला क्षेत्रमा कलम चलाउने पत्रकारलाई समेत सम्मान गरिने आयोजक संस्थाले जनाएको छ। 'नेपाली आर्ट, कल्चर एण्ड म्युजिक अवार्ड २०२०'को लागि आवेदन फारम भर्न चाहने इच्छुक गायक गायिकाले शुभकामना मिडिया सोलुसन प्रालिको कार्यालय कपुरधारा सामाखुसीमा सम्पर्क गरेर आवेदन दिन सकिने आयोजकले जनाएको छ ।

## विपिन म्युजिक भिडियोमा देखिँदै




**काठमाडौं/मस–** अभिनेता विपिन कार्कीलाई म्युजिक भिडियोमा देखिने भएको छ । केही दिनमा सार्वजनिक हुने गीतको भिडियोमा विपिनलाई देख्न पाइने भएको हो । सन्तोष लामाको गीतको भिडियोमा उनले अभिनय गरेका हुन् । भिडियो निर्देशन निकेश खड्काले गरेका छन् ।

फिल्म 'फाटेको जुत्ता' फेम्ड निर्देशक निकेश खड्काले निर्देशन गरेको 'डर छैन' बोलको गीतमा अभिनेता कार्कीले भरियाको भूमिकामा अभिनय गरेका छन् । लकडाउनले रोजीरोटी गुमेपछि एक मजदूरको पीडालाई गीतले ओकलेको हुनसक्ने निर्माण टिमले सार्वजनिक गरेको पोस्टरबाट अनुमान गर्न सकिन्छ । पोस्टरमा विपिनको हातमा नाम्लो र निराश मुद्रामा देखिएका छन् ।

कोरोनाका कारण चलचित्रको काम थाँती रहँदा विपिन एक वर्षदेखि अभिनयबाट टाढिएका थिए । त्यही अभिनयको भोक मेटाउन उनले म्युजिक भिडियोमा काम गरेका हुन् । गीत १२ नोट्सबाट सार्वजनिक हुने छ । चलचित्र 'सेल्फी किङ' पछि विपिन पहिलोपटक दर्शकमाझ आउन लागेका हुन् । कोरोनाको महामारी अन्त्य भएपछि उनी फिल्म 'के घर के डेरा' को छायांकनमा व्यस्त हुँदैछन् ।

रंगमञ्च हुँदै फिल्ममा प्रवेश गरेका उनले यसअघि केही म्यूजिक भिडियोमा काम गरिसकेका छन् । उनले पहिलो पटक 'फनफनी' बोलको गीतमा अभिनय गरेका थिए । यसपछि उनले 'बटौली' गीतमा काम गरे । यसमा उनको अभिनय निकै रुचाइएको थियो ।

## गायक सुगम पोखरेललाई पितृ शोक




**काठमाडौं/मस-** कलाकार सुनिल पोखरेल र सुगम पोखरेललाई पितृशोक परेको छ । पोखरेलका पिता एकनाथ पोखरेलको शनिबार राति निधन भएको हो। ८० वर्षका पोखरेलको मोरङको मंगलबारेस्थित आफ्नै निवासमा निधन भएको हो।

गायक प्रमोद खरेलले फेसबुकमा स्टाटस राखेर उनको मृत्युको पुष्टि गरेका छन्। एकनाथ पोखरेललाई मुटुको समस्या थियो । एकनाथ पोखरेलका दुई छोरा नेपालको कलाकारिता क्षेत्रमा राम्रो पहिचान भएका कलाकार हुन् ।

कलाकार सुलिन पोखरेल नेपाली नाट्य क्षेत्रको सुप्रशिद्ध नाम हो । गुरुकुलको सस्थापक पोखरेल अहिलेसम्म पनि सक्रिय छन् । यस्तै एकनाथका अर्का छोरा सुगम पोखरेल नेपाली पप गीतक्षेत्रबाट उदाएका थिए। अहिले सुगम पार्श्व गायनमा सक्रिय छन् ।

## 'दिल बेचारा'ले तोड्यो रेकर्ड




**भारत/एजेन्सी–** अभिनेता सुशान्त सिंह राजपूतको अन्तिम अभिनय रहेको चलचित्र 'दिल बेचारा' शुक्रबार रिलिज भएको छ। लामो समयदेखि पर्खाइमा रहेको चलचित्र अन्ततस् अनलाइन प्लेटफर्म डिज्नी प्लस हटस्टारमा निशुल्क रिलिज गरिएको थियो । चलचित्रले अहिलेसम्म रिलिज भएका भारतीय चलचित्रहरुमा सबैभन्दा धेरै रेटिङ् पाएको छ । रिलिज भएको केही घण्टासम्म १०/१० रेटिङ् पाएको थियो ।

आईएमडिबिको रेटिंग अनुसार 'दिल बेचारा'ले ९.६ रेटिंग पाएर अहिलेसम्मको भारतीय चलचित्रको रेकर्ड तोड्न सफल भएको छ। चलचित्रले अहिलेसम्मकै ठूलो ओपनिङ गरेको पनि बताइएको छ। चलचित्र रिलिज गरेको ओटिटि प्लेटफर्म डिज्नी प्लस हटस्टारले आफ्नो ट्विटर ह्यान्डल मार्फत यस कुराको जानकारी दिएको हो।

डिज्नीको ट्विटरमा लेखिएको छ, 'एक त्यस्तो चलचित्र जुन बलिउड दर्शकको मनमा सधैं गडिएर रहनेछ। तपाईंको मायाले चलचित्र अहिलेसम्मकै सबैभन्दा ठूलो ओपनिङ गरेको चलचित्र बनेको छ ।' यद्यपि यसबारे प्लेटफर्मले कुनै डाटा भने सार्वजनिक गरेको छैन । मुकेश छाब्राको निर्देशन रहेको चलचित्रमा सुशान्त र सञ्जना सांघी लिड रोलमा छन् ।

## अभिताभको आइसोलेसन अनुभव



**काठमाडौं/एजेन्सी–** कोरोना संक्रमित बलिउड अभिनेता अमिताभ बच्चनको स्वास्थ्य अवस्था स्थिर रहेको अस्पतालले जनाएको छ । अमिताभ जुलाई ११ मा मुम्बईको नानावती अस्पताल भर्ना भएका थिए। आइतबार अस्पतालमा आइसोलेसन बसाई १५ दिन पुगिसक्दा उनको स्वास्थ्य अवस्था स्थिर छ । आइसोलेसन बसाईका क्रममा सामाजिक सञ्जालमा सक्रिय अमिताभले आइतवार आफ्नो अनुभव शेयर गरेका छन् ।

अस्पतालको शैय्याबाट भाइरसका कारण आइसोलेसनमा बस्दा भोग्नुपरेको मानसिक असरबारे उनले ब्लग नै लेखेका छन्। फ्यान र डाक्टरलाई धन्यवाद दिएका छन्। आफू चाँडै निको हुने विश्वास पनि लिएका छन् ।

अमिताभले लेखेका छन्, ' भाइरसको संक्रमणपछि तपाईको उपचार तथा हेरचाह गर्ने डाक्टर तपाईको नजिक आउँदैन। डाक्टरले भिडियो च्याटका माध्यमबाट कुरा गर्छन् । यस्तो परिस्थितिमा यो तरिका राम्रो पनि हो ।

उनी अगाडि लेख्छन्, ' उपचारका लागि भर्ना भएका मानिसलाई भेट्न हप्तौसम्म कोही आउँदैन। डाक्टर, नर्स पनि पीपीई लगाएर आउँछन् । मानिसलाई रिमोट ट्रिटमेन्ट दिरहेको अवस्था छ। के यसको मानसिक स्वास्थ्यमाथि असर पर्छ ? मनोविदका अनुसार पर्छ । विरामी यहाँ (अस्पताल)बाट फर्केपछि परिवर्तन हुन्छ । उ समूहरसमाजमा जान डराउँछ । उनीहरुलाई लाग्छ कि मानिसहरुले आफूसँग फरक व्यवहार गर्नेछन् । भाइरस सँगै बोकेर हिँडेको जस्तो व्यवहार देखाउने छन् । यसबाट विरामीहरुमा गहिरो एक्लोपन विकसित भइरहेको छ।' कोरोनाबाट बच्चन परिवार नै अस्पतालमा छ। छोरा अभिषेक, बुहारी ऐश्वर्या र नातिनी आराध्या पनि संक्रमित भएर आइसोलेसनमा छन् ।

**डाटालिङ्क प्रा.लि.को को खारेजी (लिक्वीडेशन सम्बन्धमा हकदाबी गर्न आउने बारे सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/१२/०७ मा दर्ता भएको प्रा.लि. नं. १४६७३२/०७२/७३ को डाटालि्क प्रा.लि.लाई खारेजी (लिक्वीडेशन)मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७७/०४/११ गतेको विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि कसैसँग बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदाबी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः उमेश कटुवाल, इजाजतपत्र नं. ३५४**

# सदस्य सचिव नियुक्त गर्ने प्रवल सम्भावना

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन

राष्ट्रिय खेलकुद परिषद् राखेपको सदस्य सचिव चयन सोमबार हुने सम्भावना रहेको छ । नयाँ खेलकुद विकास ऐन २०७७ कार्यान्वयनमा आएपछि सदस्यसचिवसहित पूर्व पदाधिकारीहरु पदमुक्त भएका थिए ।

त्यसपछि युवा तथा खेलकुदमन्त्रालयका सचिव रामप्रसाद थपलियाको संयोजकत्वमा सदस्य सचिव छनोट समिति गठन गरिएको थियो । उक्त समितिमा २७ जनाले आवेदन दिएकोमा तीनजनाको नाम सर्ट लिस्ट गरेर युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्मालाई बुझाइएको छ ।



अन्जु श्रेष्ठ, निवर्तमान सदस्य सचिव रमेश कुमार सिलवाल र लिलबहादुर थापा रहेका छन् ।

तीन जना सिफारिस हुनेमा अब यी तीन जनाबाट एक जनालाई मन्त्रिपरिषद्ले राखेपको १९ औं सदस्यसचिवको रुपमा नियुक्त गर्ने छ । मन्त्रिपरिषद्को नियमित वैठक सोमबार बस्ने भएपछि सदस्यसचिवको नियुक्ति पनि सोमबार नै हुने बताइएको छ । सातामा सोमबार र विहीबार मन्त्रिपरिषद्को बैठक बस्ने प्रचलन छ ।

तर, एजेन्डा नहुँदा विहीबारको मन्त्रिपरिषद् बैठक बसेको थिएन । तसर्थ सोमबार बैठक बस्ने प्रवल सम्भावना रहेको युवा तथा खेलकुदमन्त्रालय स्रोतले जनाएको छ । सोमबार अपरान्ह बैठक बसेमा तीन जनाबाट एक जनालाई सदस्य सचिव नियुक्त गर्ने छ ।

यसअघि सदस्यसचिव नियुक्ति राजनीतिक रुपमा गर्दा खेलकुदमा राजनीति हावी भएको भन्दै नयाँ खेलकुद ऐनले खुल्ला प्रतिस्पर्धाबाट नियुक्त गर्ने व्यवस्था गरेको थियो । सोही प्रावधान अनुसार पहिलो पटक सदस्य सचिव खुला प्रतिस्पर्धाबाट हुन लागेको हो । स्रोतका अनुसार निवर्तमान सदस्यसचिव सिलवाल नै पुनः नयाँ कार्यकालका लागि नियुक्त हुने सम्भावना रहेको छ ।

# फ्रेण्ड्स क्लब आफ्नै मैदान बनाउने तयारीमा

**काठमाडौं, मस**-ए डिभिजन क्लब फ्रेण्ड्सले आफ्नै मैदान बनाउने तयारी थालेको छ । चाँगुनारायण नगरपालिकाको मानेडाँडामा खेल मैदान बनाउन लागेको क्लबले जनाएको छ । चाँगुनारायण नगरपालिकाको वडा नं ४ मा रहेको मानेडाँडा क्षेत्रमा मैदान निर्माणको पहिलो चरणको तयारी सुरुभएको हो । जग्गा केही भिरालो र खोंच युक्त भए पनि त्यसलाई व्यवस्थित गरेर मैदान निर्माणको प्रकृया सुरु हुने क्लबले जानकारी दियो ।

प्रस्तावित जग्गा एन्फा र क्लबका पदाधिकारीले निरीक्षण समेत गरेका छन् । नगरपालिकाको सार्वजनिक जग्गालाई पहिलो चरणमा व्यवस्थित गर्ने र त्यसपछि मैदान निर्माणको प्रकृया थाल्ने क्लबको योजना छ । सार्वजनिक जग्गालाई मैदानको स्वरुप दिन र काम सम्पन्न गर्न अझै केहीबर्ष भने लाग्नेछ ।

मैदान निर्माणका लागि क्लबले आबस्यक प्रकृया सुरुगरेको छ । वडा नम्बर ४ को कार्यलयले स्थानीयको सहमति जुट्ने विश्वासका साथ मैदान निर्माणको प्रस्ताव सहितको सिफारिस नगरपालिलाई गरिसकेको छ । अब स्थानीयहरुको सहमति जुटे क्लबले झण्डै २५ रोपनी जग्गामा मैदान निर्माण गर्नेछ ।



नेपाली ए डिभिजन क्लब मध्धे धेरै क्लब प्रशिक्षण गर्ने आफ्नै मैदान विहिन छन् । प्रशिक्षण मैदानकै अभावमा कतिपय क्लब टुँडिखेलमा तयारी गरेर लिग खेल्छन् । विश्व फुटबल महासंघ (फिफा) ले लाइसेन्सका लागि मैदान सहितका प्रकृया पुरा हुनुपर्ने बताएपछि नेपाली क्लबहरु धमाधम मैदान खोज्दैछन् ।

# आईपीएल युएईमा सहज !



**काठमाडौं, मस**– इन्डियन प्रिमियर लिग आईपीएल आयोजना हुने घोषणा भएपछि यसको चर्चा फेरि शुरु भएको छ । गत मार्चमै आयोजना हुनुपर्ने आईपीएल क्रिकेट कोरोना भाइरसको महामारीका कारण स्थगित भएको थियो । यस बीचमा एशिया कप र टी २० विश्वकप जस्ता प्रतियोगिताका कारण आईपीएलको भविष्य अन्योल नै थियो ।

तर, एशिया कप र टी २० विश्वकप स्थगित भएपछि आईपीएल आयोजना गर्नका लागि बाटो खुलेको थियो । बीसीसीआईले आईपीएल भारतमा नभई युएईमा गराउने तयारी गरेको छ ।

भारतमा कोरोना भाइरसको महामारी बढ्दो अवस्थामा रहेकाले त्यहाँ गराउन सम्भव पनि छैन । आईपीएल क्रिकेट भारतभन्दा बाहिर आयोजना यसअघि पनि भइसकेकाले यसलाई अनौठो मानिएको पनि छैन । २०१४ को लोकसभा निर्वाचनका बेला आईपीएलका केही खेलहरु युएईमा भएका थिए । युएईको दुबई, अबुधावी र शारजाह मैदानमा आईपीएल गराउँदा खेलाडीहरुलाई पनि सहज हुने अनुमान गरिएको छ ।

युएई भन्दा अगाडि श्रीलंकामा आयोजना गर्ने विषयमा छलफल पनि भएको थियो । श्रीलंका समुन्द्री किनारमा अवस्थित देश भएकाले वर्षाको समस्या हुन सक्छ । श्रीलंका भन्दा युएई बर्षाका हिसाबले पनि सुरक्षित स्थानको रुपमा हेरिएको छ ।

त्यहाँ कम बर्षा हुने हुँदा आईपीएलमा बर्षाका डर निकै कम हुने छ । बीसीसीआईले बर्षाले कुनै पनि खेल नविथोलियोस् भन्ने चाहना राखेको छ । जसका कारण पनि युएई उत्कृष्ट ठाउँको रुपमा रहेको बताइएको छ ।

सामाजिक दूरीलाई ध्यानमा राख्दै यदि दर्शकलाई पनि मैदान प्रवेश गर्न दिने हो भने युएईमा भारतीयको संख्या पनि कम छैन । त्यहाँ आईपीएलका फ्यानहरु पनि धेरै छन् । जसले गर्दा दर्शकको पनि राम्रो साथ पाउने विश्वास गरिएको छ । एजेन्सीको सहयोगमा

# लिभरपुललाई ९० लाख पाउण्ड घाटा



काठमाडौं, एजेन्सी-कोरोना भाइरसका महामारीका कारण लिभर पुललाई ९० लाख पाउण्ड घाटा लागेको छ । ३० वर्षपछि पहिलो पटक इंग्लिस शीर्ष डिभिजनको उपाधि जितेको लिभरपुलले ६ करोड ६३ मिलियन पाउण्ड पाउनु पर्ने थियो । तर, कोरोना भाइरसका कारण प्रशारणकर्ताहरुले ९० लाख पाउण्ड कम दिने भएका हुन् ।

कोरोनाका कारण प्रशारणकर्ताले 'मेरिट मनी' मा १४ प्रतिशत कटौति गरेका छन् । जसका कारणले प्रिमियर लिग च्याम्पियनले पाँच करोड ४० लाख पाउण्ड मात्र पाउने भएको छ ।

उपाधि जितेको लिभरपुलले १७ करोड ५० लाख पाउण्ड पुरस्कार पाउनेछ । र, 'मेरिट मनी' अन्तर्गत थप पाँच करोड ४० लाख पनि पाउनेछ ।

# सिटी र रियलको खेल अनिश्चित




**काठमाडौं, एजेन्सी**- युरोपियन च्याम्पियन्स लिग अन्तर्गत म्यानचेष्टर सिटी र रियल मड्रिडबीचको अन्तिम १६ को दोस्रो लेगको खेल अगष्ट ७ मा एतिहाड स्टेडियममा हुने तय थियो । तर पछिल्लो समय बेलायतको कोरोनाभाइरस क्वारेन्टिन सम्बन्धी नियम परिवर्तन भएकोले यस खेल त्यही मैदानमा हुनेबारे शंका उत्पन्न भएको छ ।

नयाँ नियमअनुसार स्पेनबाट बेलायत जानेले १४ दिनको सेल्फ आइसोलेसन बस्नुपर्नेछ । जसले गर्दा रियल मड्रिडलाई यसले असर गर्न गर्न सक्नेछ । अब खेल आउन दुई साता भन्दा कम समय बाँकी छ ।

यद्यपि व्यावसायिक खेलाडीका लागि फरक नियम पनि हुन सक्नेछ तर यो सबे निर्णय गर्ने अधिकार अब बेलायत सरकारको हातमा छ ।

बेलयाती खेलकुदमन्त्री ओलिभर डोवडेनले यसअघि च्याम्पियन्स लिग र पर्मुला वानको खेल योजनाअनुसार अघि बढ्ने बताएका थिए । डोवडेनले शनिबार नयाँ नियम लागु भएपछि पनि यस बारेमा आफ्नो धारणा परिवर्तन नगरेको स्पानिस अनलाइन मार्काले उल्लेख गरेको छ ।

अहिलेका लागि युरोपियन पुटबलको सर्वोच्च निकाय युइएफएले रियल मड्रिडसँग कुनै सम्पर्क गरेको छैन र युइएफए पनि बेलायत सरकारको निर्णयको पर्खाइमा छ ।

२०१९-२० सिजनको बाँकी खलेका लागि युइएफएले ट्राभल गर्ने क्लबका लागि ५० जनालाई मेदानभित्र प्रवेशको अनुमति दिनेछ । त्यसैले यी व्यक्तिलाई छुट दिनपर्नेछ ।

दोस्रो लेगमा खेलहरु बेलायत बाहिर हुने भएमा रियल मड्रिडका निर्देशकहरूले तयारी गरिरहेका छन् । च्याम्पियन्स लिगमा क्वाटर फाइनलदेखिका सबै खेल पोर्चुगलको लिस्वनमा खेलाइनेछ । त्यो पनि विकल्पको रुपमा रहेको छ ।

लस ब्लान्कोस प्रशिक्षणमा फर्कनका लागि पनि तयार छ । जहाँ यूईएफएले उनीहरुको कोरोनाभाइरस परीक्षण गर्नेछन् । रियलले बार्सिलोनालाई पछि पार्दै यस सिजनको ला लिगा उपाधि जितिसकेको छ । पेप ग्वार्डिओलाको सिटीविरुद्ध दोस्रो लेगको खेल कहाँ खेल्नेबारे रियल निश्चित छैन । उनीहरू पहिलो लेगमा बेहोरेको २-१ को हारलाई उल्टाउन चाहन्छ ।

# इन्टर मिलान दोस्रो स्थानमा उक्लियो



**काठमाडौं, एजेन्सी**– इटालियन 'सिरी ए' फुटबलमा इन्टर मिलान दोस्रो स्थानमा उक्लिएको छ । शनिबार राति भएको खेलमा जिनोआलाई ३ शून्य गोल अन्तरले पराजित गर्दै इन्टर दोस्रो स्थानमा उक्लिएको हो । इन्टरलाई जित दिलाउन रोमेलु लुकाकुले दुई तथा एलेक्सिस सान्चेजले एक गोल गरे । जितसँगै इन्टरले लिगको अङ्क तालिकामा पहिलो स्थानमा रहेको युभेन्टससँगको अङ्क दूरी ४ मा झारेको छ । युभेन्टसको ८० अङ्क छ भने इन्टरको ७६ अङ्क भएको छ । शनिबार राति नै भएको अर्को खेलमा नापोलीले सासोउलोलाई २ शून्यले तथा पर्माले ब्रेससियालाई २-१ ले हराएको छ ।

# कभर्डहलमा ब्याडमिन्टनको प्रशिक्षण शुरु



**काठमाडौं, मस**– कोरोना भाइरस (कोभिड-१९) कारण सरकारले लगाएको लकडाउन साउनको पहिलो सातापछि खुकुलो भएसँगै अन्य क्षेत्र जस्तै खेलकुद क्षेत्र पनि विस्तारै फर्किन थालेको छ । त्रिपुरेश्वरस्थित राखेपको कभर्ड हलमा ब्याडमिन्टनले दैनिक रुपमा विदेशी प्रशिक्षकबाट अभ्यास गरिरहेको छ भने अन्य खेल पनि फर्किने तयारी गरिरहेका छन् ।

बिहानै केही खेलाडी र नेपाल ब्याडमिन्टन संघका उपाध्यक्ष सुवास श्रेष्ठ त्रिपुरेश्वर स्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा उपस्थित भएका थिए । प्रशिक्षण गराउन कोरियन प्रशिक्षक चोई सिउन कुक वार्मअप गरिरहेका थिए । खेलाडीलाई कोर्टमा फर्काउन राखेपले तोकेका मापदण्ड पूरा गरेकाले खेलाडीमा कोर्टमा फर्काउन सम्भव भएको नेपाल ब्याडमिन्टन संघका उपाध्यक्ष सुवास श्रेष्ठले बताए ।

कोरियन प्रशिक्षकले कोर्टमा खेलाडीलाई विभिन्न टेक्निकहरु सिकाइरहेका थिए । तीन महिनाअघि नेपाल आएका प्रशिक्षक चोईले पहिलो चरणमा खेलाडीको फिटनेसलाई ध्यान दिएको बताए ।

निश्चित खाका बनाएर खेलाडीलाई अभ्यासमा फर्किन अनौपचारिक निर्देशन गरेपछि ब्याडमिन्टन संघले विदेशी प्रशिक्षकको प्रशिक्षणमा नियमित अभ्यास गरिरहेको छ । लकडाउनको पहिलो तीन महिना र लकडाउनपछिको तीन महिनाको घर बसाईले व्याडिमिन्ड खेलाडीलाई चिन्ता थियो र फर्किन पाउँदा खुसी लागेको प्रतिक्रिया दिए ।

सिनियर र जुनियर गरि अभ्यास गरिरहेका ब्याडमिन्टन खेलाडी अहिले फिटनेसमा केन्द्रित छन् । कोर्टमा प्रवेश गराउनुअघि प्रशिक्षकले फिटनेसमा जोडि दिइरहेको युवा खेलाडी प्रिन्स दाहालले बताए । भौतिक पूर्वाधर र स्पष्ट निर्देशिका नभएकाले खेलाडीलाई मैदान उतार्न खेलकुद गतिविधि फर्काउन चुनौती छ । राष्ट्रका लागि खेल्ने खेलाडीलाई भयरहित वातावरणबाट खेलमा फर्काउन राज्यले सकारात्मक भूमिका खेल्न आवश्यक छ ।

# हरि खड्का डान्सिङ स्टारमा आउने

**काठमाडौं/मस**– नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्व कप्तान हरि खड्का रियालिटि डान्सिङ सोमा डिडब्लूटिएसमा आउने भएका छन् । हिमालयन टेलिभजिनमा सुरु हुने डान्सिङ विद द स्टार्स नेपालको सहभागीका रुपमा खड्का आउने तयारीमा रहेका हुन् ।

नेपालका सफल फुटबल खड्का नयाँ चुनौती स्वीकार गर्दै डान्सिङ स्टारमा आउन लागेको जनाइएको छ । त्यसकालागि उनले अभ्यास पनि शुरु गरेका छन् । उनको कोरियोग्राफरमा युमी बलामी रहेकी छिन् ।

अलग अलग क्षेत्रमा आफुलाई प्रमाणित गरिसकेका स्टारहरुलाई समेटेर डान्सिङ स्टार गर्न लागिएको डिडब्लूटिएस नेपालका निर्देशक लक्ष्मण पौडेलले जानकारी दिए ।

यसअघि पूर्वकप्तान अनिल गुरुङले पनि सहभागिता जनाउने भनिएको यस कार्यक्रममा अन्तिम समयमा व्यस्तताका कारण उनले नाम फिर्ता लिएको जनाइएको छ ।



### गत वर्ष व्यापारघाटा १६ प्रतिशतले ओरालो लाग्यो

# आयात र निर्यातमा गिरावट

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन




गत आर्थिक बर्ष नेपालमो वैदेशिक व्यापारघाटा १६ प्रतिशतले घटेको छ। भन्सार विभागले हालै सार्वजनिक गरेको गत आर्थिक बर्षभरीको तथ्यांक अनुसार नेपालको वैदेशिक व्यापारघाटा १६ दशमलव ७१ प्रतिशतले घटेर ११ खर्बमा सिमित भएको छ।

गत आर्थिक बर्षभरी आयातमा गिरावट र निर्यातमा वृद्धि हुँदा नेपालको व्यापारघाटामा उल्लेख्य सुधार भएको छ। अघिल्लो आर्थिक वर्ष नेपालको व्यापारघाटा १३ खर्ब २१ अर्ब रुपैयाँ पुगेको थियो। यस्तै पछिल्लो समय विश्वभर फैलिएको लकडाउनका कारण भने निर्यातको व्यापार शुन्य दशमलव ९८ प्रतिशतले घटेको छ। आर्थिक बर्षभरी प्रत्येक महिना १० प्रतिशतभन्दा माथिको वृद्धिदर समातेको नेपालको निर्यात व्यापार गत बर्षभरीको तुलनामा भने आरालो लागेको भन्सार विभागले जानकारी दिएको छ। यस्तै गत आर्थिक वर्षमा नेपालले कुल १२ खर्ब ९२ अर्ब रुपैयाँ बराबरको वैदेशिक व्यापार गरेको छ।

आर्थिक वर्ष २०७५र७६ मा १५ खर्ब १५ अर्ब रुपैयाँको वैदेशिक व्यापार भएको थियो। गत वर्ष वैदेशिक व्यापार व्यापार १४ दशमलव ६९ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा आयातमा आयातमा १५ दशमलव ६३ प्रतिशतले कमी आएको छ। गत आर्थिक वर्षको सुरुदेखि नै घट्दै आएको आयात कोरोना भाइरससँगै भएको लकडाउनले अझ घटाएको हो। गत आर्थिक वर्षमा कुल ११ खर्ब ९६ अर्ब ७९ करोड रुपैयाँको मालवस्तु आयात भएको छ।

अघिल्लो आर्थिक वर्षमा कुल १४ खर्ब १८ अर्ब ५३ करोडको मालवस्तु आयात भएको विभागको भनाई छ। विश्वभर फैलिएको कोरोना भाईरसका कारण भएको लकडाउनका कारण आयातजस्तै निर्यात पनि केही खुम्चिएको विभागको तथ्यांकमा उल्लेख छ। लकडाउन अघिसम्म आयात घट्दै गएको थियो भने निर्यात बढ्ने क्रममा थियो।

लकडाउन पछि भने निर्यात व्यापार पनि घटेको छ। गत आर्थिक वर्षमा निर्याततर्फको व्यापारमा पनि सुस्तता आएको छ। आर्थिक वर्षमा कुल ९७ अर्ब १० करोड रुपैयाँको वस्तु तथा सेवा निर्यात भएको थियो। गत आवमा ९६ अर्ब १५ करोड रुपैयाँको वस्तु तथा सेवा निर्यात भएको छ। आर्थिक वर्षको अन्त्यसम्ममा कुल वैदेशिक व्यापारमा ९२ दशमलव ५६ प्रतिशत आयातको हिस्सा र ७ दशमलव ४४ प्रतिशत निर्यातको हिस्सा छ। अघिल्लो आर्थिक वर्षको अन्त्यसम्म आयातको हिस्सा ९३ दशमलव ५९ प्रतिशत र निर्यातको ६ दशमलव ४१ प्रतिशत रहेको थियो।

# पूर्वी चितवनमा १३२ केभीको सबस्टेसन निर्माण सम्पन्न



**काठमाडौं/मस**–पूर्वी चितवन १३२/३३/११ केभी सबस्टेसन निर्माण सम्पन्न भएको छ। चितवनका रत्ननगर, खैरहनी, राप्ती र कालीका नगरपालिकाको विद्युत् आपूर्तिलाई गुणस्तरीय र विश्वसनीय बनाउन पूर्वी चितवन सबस्टेसन निर्माण गरिएको हो। निर्माण सम्पन्न भएपछि मकवानपुरको हेटौडाबाट चितवनको भरतपुरतर्फ गएको १ सय ३२ केभी प्रसारण लाइनबाट प्रवाह भएको विद्युत्लाई पूर्वी चितवन सबस्टेसन भित्र छिराएर बाहिर निकाली सफलतापूर्वक चार्ज गरिएको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। हेटौडा-भरतपुर प्रसारण लाइनबाट प्रवाह भएको विद्युत्लाई त्यस क्षेत्रमा आपूर्ति गर्न पूर्वी चितवन सबस्टेसन निर्माण गरिएको हो।

'सबस्टेसन राखिएका १३२/३३ केभी, ३० एमभीएका दुईवटा पावर ट्रान्सफर्मरमध्ये एउटा नो लोडमा चार्ज गरिएको छ, अब त्यसलाई लोड दिएर चार्ज गरिने छ',कार्यकारी निर्देशक घिसिङले भने। 'त्यहाँबाट स्थानीय उपभोक्तालाई विद्युत् आपूर्तिका लागि ३३/११ केभी, १६.६ एमभीए पावर ट्रान्सफर्मर आइतबार चार्ज गरिएको छ, सबस्टेसन स्वचालित प्रणालीको संचालन र ११ केभी फिडरबाट एक हप्ताभित्र विद्युत् वितरण गर्ने लक्ष्यका साथ काम गरिरहेका छौं।'

उनले सबस्टेसन संचालनमा आएपछि प्राविधिक चुहावट करिब ४/५ प्रतिशत घट्ने, ग्राहकले पनि गुणस्तरीय, भरपर्दो र पर्याप्त विद्युत् पाउने र प्रसारण क्षमताले नधानेर गर्मीमा बाध्यकारी लोडसेडिङ गर्नु पर्ने अवस्थाको पनि अन्त्य हुने बताए। अहिले भरतपुरमा रहेको १३२ केभी सबस्टेसनबाट करिब २१ किलोमिटर ३३ केभी लाइनमार्फत ३३/११ केभी चैनपुर सबस्टेसनमार्फत चितवनको पूर्वी क्षेत्रमा विद्युत् आपूर्ति भइरहेको छ। लामो लाइन र क्षमताले नधान्दा लाइन चुँडिने,ट्रिपिङ हुने, लो भोल्टेज र विद्युत्को प्राविधिक चुहावटको समस्या थियो। पूर्वी चितवन सबस्टेसनबाटै विद्युत् आपूर्ति हुन थालेपछि भरतपुर सबस्टेसनको लोड पनि काम हुने छ।

नेपाल सरकारको लगानीमा राप्ती नगरपालिका-६ हर्दीमा सबस्टेसनको निर्माण भएको हो। आयोजनाको अनुमानित लागत ५४ लाख अमेरिकी डलर छ। आयोजनाको आर्थिक वर्ष २०७२/०७३ मा सुरु भएको थियो। गत चैतभित्रमा संचालन गर्ने लक्ष्य राखिएको सबस्टेसनको निर्माण विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९का कारण प्रभावित हुँदा केही ढिला भएको हो।

## बुद्ध होलिडेजका सस्ता प्याकेज
## ६ हजारमा पोखरा ३ दिन घुमेर फर्कन पाइने




**काठमाडौं/मस**–बुद्ध एयरको भगिनी संस्था बुद्ध होलिडेजले आन्तरिक पर्यटकका लागि पोखरा र चितवनमा दुई रात तीन दिनको सस्तो र आकर्षक होलिडे प्याकेज ल्याएको छ। बुद्धले ल्याएको प्याकेजहरु दुई रात तीन दिनको पोखरा रु. ५,९९९ र चितवन रु. ७,९९९ तोकिएको छ। लामो लकडाउनका कारण सिथिल बनेको पर्यटन क्षेत्र करिब करिब शून्य स्थितिमा छ।

अब फेरि यथास्थितिमा फर्किनका लागि समय लाग्ने र यसमा सबैको साथ र सहयोग चाहिने भएकाले बुद्धले आफ्नो तर्फबाट योजनाहरु अगाडी सार्न थालेको छ। अहिलेको स्थितिलाई चलायमान बनाउनका लागि बुद्ध होलिडेजले नाफारहित आकर्षक पोखरा र रमाइलो चितवन प्याकेज ल्याएको जनाएको छ। बुद्ध एयर, पोखरा तथा चितवनका होटलहरुको सहकार्यमा प्याकेज ल्याएको होलिडेजले जनाएको छ। अहिलेको परिस्थितिमा संक्रमणरहित यात्रा तथा पर्यटकीय प्याकेजका लागि बुद्ध होलिडेजले कोभिडविरुद्धका सुरक्षा निर्देशिका पनि तयार गरेको छ। यसलाई अक्षरसः पालना गर्दै यात्रु तथा पर्यटकलाई संक्रमणरहित घुमफिरका लागि बुद्ध होलिडेजले अनुरोध समेत गर्दै आइरहेको छ।

कोभिडविरुद्धका सुरक्षा निर्देशिका अन्य कम्पनीहरुले जारी गरि पूर्वअभ्यास पनि गरिसकेको छ। निर्देशिकाले जहाजदेखि, पर्यटक गाडी तथा होटेल, रेष्टुरेन्ट तथा त्यहाँ रहेको कामदारलाई पनि समेटेको होलिडेजका सिइओ आस्था बस्नेत बताउँछिन्। आस्था बस्नेत थप्छिन् - 'सुरक्षा निर्देशिकाको पालना गर्न गराउन हामी सम्वेदनशील छौं र यसको नियमित अन्तरालमा हामी स्वयंले अनुगमन गर्ने छौं।' दुई रात तीन दिने पोखरा प्योकजको मूल्य जम्माजम्मी रु.५,९९९ रहेको छ। यसमा दुईतर्फी हवाई टिकट, तारे होटेलको बसाई, बिहानको खाजा, पोखरा एयरपोर्टबाट होटेल र फेरि फर्किदा एयरपोर्टको गाडी सुविधा समावेश गरिएको छ।

यसैगरि, चितवनको पनि दुई रात तीन दिने प्योकजको मूल्य जम्माजम्मी रु. ७,९९९ रहेको छ। यसमा पनि दुईतर्फी हवाई टिकट, तीनतारे होटेलको बसाई, बिहानको खाजा, चितवन एयरपोर्टबाट सौरहा होटेल र फेरि फर्किदा एयरपोर्टको गाडी सुविधा समावेश गरिएको छ। यसको मुख्य उद्देश्य शुरुमा आन्तरिक पर्यटकलाई चलायमान तथा प्रवर्धन गरिसेवा सुरक्षित छन् देखाई विदेशी पर्यटकलाई समेत भित्र्याउनु रहेको कम्पनीका सिइओ बस्नेतले बताइन्। यो योजना सिमित अवधिभरका लागि लागु गरिएको छ।

## महालक्ष्मी विकास बैंकले ल्यायो ९.९९ प्रतिशत व्याजदरमा आवास कर्जा

महालक्ष्मी विकास बैंक लि.
MAHALAXMI BIKAS BANK LTD.

**काठमाडौं/मस**–महालक्ष्मी विकास बैंकले घर खरिद तथा निर्माण गर्न इच्छुकहरुलाई लक्षित गरी आवास कर्जा र उद्यमशील कर्जा अन्तर्गत विशेष कर्जा सुविधा योजना ल्याएको छ। बैंकले दुवै कर्जा योजनामा ऋणिका लागि ९.९९ प्रतिशत व्याजदरमा कर्जा प्रवाह गर्नुका साथै कर्जा शुल्कमा विशेष छुट प्रदान गर्ने छ। आवास कर्जा योजना अन्तर्गत ऋणिका लागि निर्माण लागतको शत प्रतिशत कर्जा प्रवाह गर्नुका साथै कर्जाको अवधि अधिकतम ३० वर्ष, दुई बर्षसम्म व्याज मात्र भुक्तानी गर्न सकिने, घर निर्माणमा अग्रिम कर्जा प्रवाह तथा निःशुल्क दुर्घटना वीमा जस्ता आकर्षक सुविधाहरु प्रदान गर्ने बैंकले जनाएको छ। उद्यमशील कर्जा योजना अन्तर्गत ऋणिका लागि धितो मूल्यांकनमा उच्चतम कर्जा प्रवाह गर्नुका साथै व्यवसाय शुरु गर्न अग्रिम कर्जा प्रवाह गर्ने जस्ता सुविधाहरु प्रदान गर्ने बैंकले जनाएको छ। घर खरिद गर्न अथवा घर निर्माण गर्न र उद्यम गर्न चाहनेहरुका लागि लाभदायक महालक्ष्मी आवास कर्जा र महालक्ष्मी उद्यमशील कर्जा बैंकका सम्पुर्ण शाखाहरुबाट उपलब्ध हुनेछन्। देशका शहरी तथा ग्रामीण क्षेत्रका विभिन्न स्थानहरुमा १०२ वटा शाखाहरुमार्फत सेवा प्रदान गरिरहेको महालक्ष्मी विकास बैंकको ग्राहक संख्या करिब पाँच लाख रहेको छ।

## शेयर बजार दोहोरो अंकले बढ्यो

काठमाडौं/मस- धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार दोहोरो अङ्कले वृद्धि भएको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से २२.४० अङ्कले बढेर एक हजार ४६५.१० मा पुगेको छ। यस्तै, सेन्सेटिभ परिसूचक ३.५९ ले वृद्धि भई ३०७.५३ मा पुगेको छ। कूल १९० कम्पनीका ४५ लाख ६०३ कित्ता शेयर रु एक अर्ब ९४ करोड २६ लाख ७९ हजार ३८० मूल्यमा खरिद बिक्री भए।

स्टकका अनुसार कारोबार भएका कूल १२ उपसमूहमध्ये आइतबार तीन उपसमूहको शेयर ओरालो लागेको छ भने नौ उपसमूहको शेयरमा वृद्धि भएको छ। होटल २.२९, जलविद्युत् २.२ र सामूहिक लगानी कोष ०.०१ ले वृद्धि भएको छ। बैंकिङ १६.५, व्यापार ८.५१, विकास बैंक ४.७३, वित्त ३.३३, निर्जीवन बीमा २५९.६४, उत्पादन ५.७३, अन्य १३.७९, लघुवित्त २७.६५, जीवन बीमा ३३८.८ अङ्कले बढेका छन्।

कारोबारका आधारमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु २५ करोड ८४ लाख १८ हजार १०७ बराबरको कारोबार भयो।

# हिमालय एयरलाइन्सद्वारा आम्दा अस्पताललाई स्वास्थ्य सामग्री प्रदान



**काठमाडौं/मस**–कोभिड-१९ को रोकथाम र नियन्त्रण गर्न हिमालय एअरलाइन्सले आम्दा अस्पताल दमकलाई स्वास्थ्य सामाग्री प्रदान गरेको छ। हिमालय एअरलाइन्सका अध्यक्ष झोउ एन्योगले आम्दा अस्पताललाई एक पोर्टेबल भेन्टीलेटर सहित ५ सय थान आरडीटी किट, १०० थान पीपीइ सेट, ५ सय थान एन-९५ मास्क, २ हजार जोर सर्जिकल मास्क, ५ हजार जोर डिस्पोजेबल पन्जा र ५ इन्फ्रारेड प्रदान गरेको हो।

कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (सीसीएमसी) गुल्मीलाई पनि पीसीआर उपकरण प्रदान गरिएको छ। केन्द्रलाइ पीसीआर (एनएई-३२, आइसीटिओबी(१६) उपकरण र अन्य अत्यावश्यक स्वास्थ्य उपकरण तथा सामाग्रीहरुः ५१ हजार २ सय थान डिस्पोजेबल मेडिकल मास्क, ६०६ थान मेडिकल फेस शिल्ड, ५७५ थान मेडिकल चस्मा, ४० थान मेडिकल इन्फ्रारेड थर्मोमिटर, ३५ जोर प्रोटेक्टिभ बुट र ५००० जोर डिस्पोजेबल पन्जा कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (सीसीएमसी) प्रदान गरिएको छ।

ती स्वास्थ्य सामाग्रीहरु परराष्ट्र मन्त्री प्रदीप कुमार ज्ञवाली र हिमालय एअरलाइन्सका उपाध्यक्ष विजय श्रेष्ठले संयुक्त रुपमा रेसुंगा नगरपालिकाका प्रमुख डिल्ली राज भुषाललाई प्रदान गरे।

# अब गायक सुगम पोखरेलको आवाज कामना सेवाको आवाज



**काठमाडौं/मस**–कामना सेवा विकास बैंक लि. र नेपालको साङ्गीतिक क्षेत्रका प्रख्यात पप गायक, गीतकार तथा सङ्गीतकार सुगम पोखरेलबीच बैंकको आधिकारिक आवाज बन्ने सम्बन्धमा सम्झौता सम्पन्न भएको छ। उक्त सम्झौता पश्चात बैंकको आधिकारिक आवाजको रुपमा गायक पोखरेलको आवाज रहनेछ। बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले बैंकको गतिविधिहरुमा आफ्नो सुमधुर अवाज दिई बैंकको सारथीको भूमिका निर्वाह गर्ने स्वीकृति दिनु भएकोमा गायक पोखरेलप्रति हार्दिक आभार प्रकट गरेका थिए।

यस्तै गायक पोखरेलले आफूलाई यो अबसर प्रदान गरेकोमा बैंकलाई धन्यवाद दिँदै आफ्नो तर्फबाट बैंकको ख्याती एवं श्रीवृद्धिमा जस्तो सुकै सहयोग गर्ने बचनबद्धता समेत व्यक्त गरेका छन्। काठमाडौं -३०, ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा १२४ वटा शाखा तथा ६६ वटा एटीएममार्फत ग्राहकहरुलाई आफ्नो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ।


## विज्ञापन दर/रेट परिवर्तन सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व.२०७७/०७८ मा प्रकाशन हुने विज्ञापनको दर रेट निम्नानुसार कायम गरिएको छ। यो दर रेट २०७७ साउन १५ गतेदेखि लागू हुने व्यहोरा सम्पूर्ण विज्ञापनदाता, एजेन्सी एवं सम्बन्धित सवैमा जानकारी गराइन्छ।

### बिज्ञापन दर रेट

**प्राइभेट :**

| | रंगिन प्रति सिसि | स्यामस्वेत प्रति सिसि |
|---|---|---|
| प्रथम पृष्ठ | रू. १,६००/- | रू. १६,००/- |
| भित्री पृष्ठ | रू. १,४००/- | रू. १,२५०/- |
| अन्तिम पृष्ठ | रू. १,५००/- | रू. १,५००/- |

**सरकारी :**

| | रंगिन प्रति सिसि | स्यामस्वेत प्रति सिसि |
|---|---|---|
| प्रथम पृष्ठ | रू. २,०००/- | रू. १,८००/- |
| भित्री पृष्ठ | रू. १,६००/- | रू. १,३००/- |
| अन्तिम पृष्ठ | रू. १,७००/- | रू. १,५००/- |

**वर्गीकृत :**

| | रंगिन प्रति सिसि | स्यामस्वेत प्रति सिसि |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रू. १,५००/- | रू. १,०००/- |
| वर्गीकृत डिस्प्ले(प्रति शब्द) | रू. २०/- | |

ज्याकेट २ पेज रू. १०,००,००० /- उल्लेखित दर रेट मू.अ.क. बाहेक

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
पो.ब.नं. २१९३४, बागबजार, काठमाडौं,
फोन नं. ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com
Web: www.madhyanhadaily.com


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**